नयाँ पत्रिका, २०७३/३/२५

# जलविद्युत्मा बाढीको प्रभाव

गत मंगलबार राति भोटेकोसी नदीमा अचानक आएको बाढीले सिन्धुपाल्चोकको उत्तरी क्षेत्र तातोपानीलगायत त्यसभन्दा तलका नेपाली बजारलाई नराम्ररी प्रभावित गरेको छ । दुई वर्षअघिको बाढी र गतवर्षको भुइँचालोबाट भर्खर तंग्रिँदै गरेको बह्रबिसे, तातोपानी, लिपिङलगायत भोटेकोसी नदीकिनारमा रहेका बस्तीका केही घर भत्केका छन्, केहीलाई खोलाले बगाएको छ । केही ठाउँमा बाढीले नदीकिनारको सडक बगाएको छ । बाढीको सूचना पहिले नै आएर स्थानीय बासिन्दा सुरक्षित स्थानतिर सर्न भ्याएकाले मानवीय क्षति नभए पनि यसले भौतिक क्षति निकै पुर्‍याएको छ । धेरै संख्यामा मानिस बेघर भएर विस्थापित हुन पुगेका छन् । अहिले सग्लै रहेका भए पनि पहिरोनजिकै पुगेका कतिपय घर बस्न हुने हालतमा छैनन् । यस्तो अवस्था स्थानीय क्षेत्रमा रहेका प्रहरीचौकीलगायत सरकारी कार्यालयका संरचनामा पनि सिर्जना भएको छ । यसका साथै बाढीले नदीकिनारमा रहेका दुईवटा मध्यमस्तरका जलविद्युत् आयोजनामा पनि क्षति पुर्‍याएको छ । बाढीले स्थानीय रूपमा पुस्तौँदेखिका बस्ती उजाड बनाउने क्रम त जारी छ नै, नदीको छेउछाउ या नदीमै बन्ने जलविद्युत् आयोजनाका संरचनासमेत ध्वस्त भएपछि यसले एउटा गम्भीर समस्यालाई संकेत गरेको छ । जसरी नदीकिनारका बस्ती वर्षायामका लागि जति जोखिमयुक्त हुन्छन्, त्यसरी नै नदीनिकट बन्ने संरचना जोखिमपूर्ण र तिनको भविष्य नै अनिश्चित भएको अनुमान गर्न सकिन्छ । कमसेकम भोटेकोसी जलविद्युत् आयोजनाको नियतिले यस्तै संकेत गर्छ ।

नेपाल जलविद्युत्को सम्भावनाका दृष्टिले विश्वमै राम्रो स्थानमा पर्छ । हिमालय पर्वत शृंखलाको वारिपारिबाट बहने यी नदीको पानीको बहाव अपेक्षाकृत स्थिर रहन्छ । यसैले यी नदीमा बाँध बाँधेर रन अफ दि रिभर तथा जलसञ्चय प्रणाली दुवैको प्रयोग गरी यसको अधिकतम लाभ लिने प्रयास जारी छ । पछिल्लो समय देशका सबै मुख्य नदीमा साना–ठूला विद्युत् परियोजना सञ्चालनमा छन् । महाकालीको पञ्चेश्वर, कर्णालीका दुइटा, मस्र्याङ्दी, सेती, मादी, त्रिशूली, भोटेकोसी, तामाकोसी, अरुण, तमोरजस्ता अनेक नदीमा योजना प्रस्तावित छन् तथा कतिपय निर्माणाधीन अवस्थामा छन् । यी योजनाको स्थायित्व र भविष्यमाथि दुई खालका प्रश्न उठ्ने गरेका छन् । पहिलो हो, जलवायु परिवर्तनका कारण तापक्रम बढ्दै जाँदा हिमालमा पानीको सञ्चित क्षमतामा ह्रास आउँदै छ । यसले नदीमा पानीको मात्रा घट्ने र अनुमानभन्दा कम मात्रै विद्युत् उत्पादन हुने भएकाले उत्पादन लागत बढी हुने सम्भावना छ । अर्को पक्ष भने बाढी र पहिरोका कारण यस्ता संरचनाको सुरक्षासँग सम्बन्धित छ । जलवायु परिवर्तनकै कारण अतिवृष्टि हुँदा बाढी–पहिरो मात्र होइन, उच्च हिमाली खोंचमा हुने हिमतालहरूले पानीको बोझ थेग्न नसकेर विस्फोट हुने, हिमपहिरो जाने क्रमसमेत बढेको छ । यसले अचानक हिउँदमै पनि बाढी आउन सक्ने सम्भावना र खतरा बढाउँदै लगेको छ । यस्तो अवस्था केही वर्षपहिले भोटेकोसीमा र पोखराको सेती नदीमा समेत बाढी आएको र व्यापक जनधनको क्षति भएको थियो । यस्तो अवस्थामा जलविद्युत्का लागि नदीमा बनाइने बाँध, नदीकिनारमा बनाइने नहर, नदीकिनारमै रहने विद्युत्गृहजस्ता संरचनाको सुरक्षाको कुनै निश्चितता हुँदैन । यसैले नेपालले जलविद्युत् उत्पादन गर्दा बनाइने संरचना सुरक्षित रहने निश्चित गर्न यसको समग्र संरचनाको डिजाइनिङ, निर्माण र सञ्चालनको इन्जिनियरिङ या आर्किटेक्चरमै नयाँ प्रयोग गर्नुपर्ने देखिन्छ । नेपालको भन्दा विशाल बाँध बनाएका र त्यसलाई न्यून जोखिममा चलाइरहेका चीनलगायत देशबाट यो विषयमा शिक्षा लिनेतिर ध्यान दिइएन भने नेपालले जलविद्युत्मा आत्मनिर्भर बन्न अझै लामो समय कुर्नुपर्ने हुन सक्छ ।

कान्तिपुर, २०७३/३/२६

# जलविद्युत्मा बैंकको लगानी बढाइँदै

जलविद्युत्मा बैंक तथा वित्तीय संस्थाको लगानी बढाउन राष्ट्र बैंकले सहजीकरण गर्ने भएको छ । ऊर्जा संकट निवारण कार्ययोजना आएको र बजेटले पनि जलविद्युत्लाई प्राथमिकता दिएकाले मौद्रिक नीतिमा थप सहज बनाउने तयारी भइरहेको छ । 'बैंक तथा वित्तीय संस्थाले जलविद्युत्मा कुल कर्जाको १५ प्रतिशतसम्म लगानी गर्नुपर्ने व्यवस्था ल्याउने गृहकार्य भइरहेको छ,' केन्द्रीय बैंक स्रोतले भन्यो, 'योसँगै उत्पादनमूलक क्षेत्रमा जाने कर्जाको लगानी सीमा पनि बढ्नेछ ।'

ऊर्जा संकट निवारण कार्ययोजनाले दुई वर्षभित्र लोडसेडिङ अन्त्य गर्ने र १० वर्षमा १० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य लिएको छ । उक्त परिमाणमा विद्युत् उत्पादनका गर्नका लागि सरकारले निजी क्षेत्रको लगानी आकर्षित गर्न बैंक तथा वित्तीय क्षेत्रलाई पनि बाध्यकारी व्यवस्था ल्याउन लागिएको हो ।

अन्यको तुलनामा जलविद्युत् क्षेत्रको लगानीमा राष्ट्र बैंक केही उदार बन्दै आएको छ । मुलुकको आवश्यकता र यो क्षेत्रमा कर्जा माग बढेपछि राष्ट्र बैंकले प्राथमिकताका साथ जलविद्युत् क्षेत्रमा लगानी वृद्धिको नीति बनाउन लागेको हो । हाल बैंकहरूले कुल कर्जाको न्यूनतम २० प्रतिशत लगानी उत्पादनशील क्षेत्र (कृषि, ऊर्जा, पर्यटन क्षेत्र र घरेलु तथा साना उद्योग) मा गर्नुपर्ने राष्ट्र बैंकको निर्देशन छ । ०७३ वैशाखसम्म वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १५ दशमलव ९९ प्रतिशत मात्र रहेको राष्ट्र बैंकको तथ्यांकमा उल्लेख छ ।

यसमध्ये कृषि र ऊर्जा क्षेत्रमा कुल कर्जाको न्यूनतम १२ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ । तर, हालसम्म अधिकांश बैंकहरूले यो सीमा पुर्‍याएका छैनन् । जलविद्युत् क्षेत्रमा लगानीका लागि भएको प्रतिबद्धतासमेत जोड्दा कुल लगानीको करिब १० प्रतिशत जलविद्युत्मा रहेको हुन सक्ने नेपाल बैंकर्स संघका कार्यकारी सदस्य भुवन दाहालले बताए ।

उत्पादनमूलक क्षेत्रमा बैंकहरूको पहुँच बढाउन पहल

अधिक तरलताले सीआरआर बढाउन दबाब

'कुल लगानीको करिब ७/८ प्रतिशत जलविद्युत् आयोजनामा प्रवाह भइसकेको छ,' उनले भने । पछिल्ला महिनाहरूमा बैंक तथा वित्तीय संस्थाहरूले स्वस्फूर्त रूपमा जलविद्युत्मा लगानी बढाएको उनले दाबी गरे । 'आउँदा दिनमा यो प्रवृत्ति अझै बढ्नेछ,' उनले भने, 'तर, यातायात र लगानी वातावरणमा सुधार आवश्यक छ ।'

यस्तै यो क्षेत्रमा लगानीका लागि अन्य क्षेत्रको भन्दा कर्जा सीमा पनि धेरै छ । हाल बैंक तथा वित्तीय संस्थाले जलविद्युत्बाहेक अन्य कुनै एउटा क्षेत्रमा कुल लगानीको २५ प्रतिशतभन्दा धेरै लगानी गर्न पाउँदैनन् । तर, जलविद्युत्मा कुल लगानीको ५० प्रतिशतसम्म लगानी गर्न पाउँछन् । यस्तै जलविद्युत् आयोजनामा लगानी गर्ने बैंक तथा वित्तीय संस्थालाई राष्ट्र बैंकले पुनर्कर्जा सुविधा पनि दिँदै आएको छ । यसबाहेक जलविद्युत् क्षेत्रलाई नै इंगित गरी लगानी वृद्धिको निर्देशन आउन लागेको यो पहिलोपटक हो ।

आर्थिक वर्ष ०७३/७४ को बजेटको केही व्यवस्थाको आधारमा आगामी मौद्रिक नीति कसिलो आउने आकलनहरू गरिएका छन् । 'मुद्रा बजार र पुँजी बजारलाई नियन्त्रण गर्ने विषयमा छलफल नै भएको छैन,' स्रोतले भन्यो । लघुवित्त बैंकहरूका लागि पुँजी वृद्धिको निर्देशन पनि आगामी मौद्रिक नीति मार्फत नै आउने भएको छ । राष्ट्र बैंकले गत आर्थिक वर्षको मौद्रिक नीतिमा लघुवित्तको पुँजी वृद्धि गर्ने घोषणा गरेको थियो । तर, आन्तरिक

विवादका कारण एक वर्षसम्म पनि उक्त निर्देशन जारी हुन सकेन । त्यसकारण उक्त नीति आगामी मौद्रिक नीतिमा पनि दोहोरिन लागेको हो ।

सरकारले निर्धारण गरेको साढे ६ प्रतिशतको आर्थिक वृद्धि र साढे ७ प्रतिशतको मूल्य वृद्धि दर प्राप्तिमा सहयोग पुर्‍याउने गरी मौद्रिक नीति ल्याउने एक अधिकारीले बताए । सैद्धान्तिक रूपमा प्रयास गरे पनि लक्ष्यहरू पूरा नहुने निश्चितजस्तै छ । तर, पनि राष्ट्र बैंकले मौद्रिक नीति मार्फत औपचारिकता पूरा गर्न खोजेको हो । लामो समयदेखि वित्तीय प्रणालीमा रहेको अधिक तरलता व्यवस्थापनका लागि मौद्रिक नीति मार्फत केही सम्बोधन हुनेछ । अनिवार्य नगद अनुपात (सीआरआर) र स्प्रेडदरमा सामान्य परिमार्जन गर्ने विषयमा पनि छलफल भइरहेको छ । बजारमा अधिक तरलता भएका कारण सीआरआर बढाउन सकिने आधार छ । स्प्रेडदर खुला बजारविपरीतको प्रावधान भएको भन्दै गभर्नर चिरञ्जीवी नेपाललाई हटाउन वा घटाउन पनि उत्तिकै दबाब छ ।

यस्तै आगामी आर्थिक वर्षको बजेटमा उल्लेख भएका सबै नेपालीको बैंक खाता र सरकारद्वारा वितरण गरिने रकम बैंक मार्फत पुर्‍याउनलगायत विषयमा पनि मौद्रिक नीतिमा विशेष कार्यक्रम आउनेछ । तर, यी काम राष्ट्र बैंकका लागि फलामको चिउरा चपाउनुसरह भएको विश्लेषकहरू बताउँछन् । विदेशी विनियमका क्षेत्रमा अमेरिकी डलरको उपयोग सीमा बढाउने र प्रतीतपत्र (लेटर अफ क्रेडिट) जारी प्रक्रिया केही सरल बनाउने विषयमा पनि छलफल भएको जनाइएको छ । राष्ट्र बैंकका प्रवक्ता त्रिलोचन पँगेनीले नीतिमाथि अन्तिम छलफल भइरहेको बताए । 'कुनै ठूलो समस्या नआए आइतबार नीति सार्वजनिक हुँदैछ,' उनले भने ।

नीतिबारे एकपटक अर्थमन्त्री विष्णु पौडेललाई पनि जानकारी गराउने मनसायमा गभर्नर चिरञ्जीवी नेपाल भएकाले सयम यकिन भई नसकेको एक अर्को अधिकारीले बताए । मन्त्री पौडेलसँगको छलफललगत्तै नीति सार्वजनिक हुने स्रोतको भनाइ छ ।

अन्नपुर्ण पोष्ट, २०७३/३/२६

# धरापमा राष्ट्रिय ऊर्जा सुरक्षा

*विकास थापा*

अघिल्लो साता नेपाल र भारतका ऊर्जा सचिवस्तरीय बैठकले दोस्रो अन्तर्देशीय प्रसारण लाइन निर्माण गर्ने सहमति गर्‍यो। यो संरचना निर्माणको लागि नेपालले २०५० सालदेखि भारतलाई अनुरोध गर्दै आएको थियो। २०५० देखि २०६० सम्म भारतले बोस्ता नै गरिरह्यो। ०६२/६३ को जनआन्दोलनपछि ढल्केबर–मुजफ्फरपुर अन्तर्देशीय प्रसारण लाइन बनाउने सहमति भएको थियो।

तर सहमति भएको १० वर्षको अवधिमा पनि नेपालतर्फ यो संरचना निर्माण सम्पन्न हुन सकेको छैन। आगामी डिसेम्बर महिनाभित्र ढल्केबरस्थित नेपालले सबस्टेसन बनाउने दृढताचाहिँ जनाएको छ। नेपालको आन्तरिक प्रसारण लाइन विस्तार हुन नसक्दा ढल्केबरको लाइन बनेर पनि भारतबाट आएको बिजुली काठमाडौं आएन। हिउँदमा चरम अभाव हुने समयलाई लक्षित गरेर पाँच महिनाको लागि आयात गरिएको बिजुलीले निरन्तरता त त्यसै पाउने नै भयो।

प्रसारण शुल्क मात्र एक अर्ब रुपैयाँ तिर्नुपर्‍यो। यो प्रसारण लाइन सरकारी तहमा बनेको भए प्रसारण शुल्क यति चर्को हुन्नथ्यो। तर कम्पनी मोडेलमा, विद्युत् प्रसारण गरिने ग्यारेन्टीका साथ नाफामूलक तरिकाबाट बनाइएकाले यसबाट आयातित बिजुली प्रतियुनिट १२ रुपैयाँभन्दा बढी तिर्नुपरेको छ। यो गल्ती दोस्रो प्रसारण लाइन निर्माण नहुने छनकचाहिँ देखिएको छ।

भोलि भारतले ढल्केबर शैलीमै प्रसारण लाइन बनाउनुपर्छ भन्यो भने अन्यथा नलिए हुन्छ। किनभने नेपाललाई जहाँ अप्ठेरो हुन्छ, उसले आफ्नो स्वार्थ पूरा गर्छ नै। अघिल्लो साता नयाँदिल्लीमा सम्पन्न बैठकमा भने नेपाली पक्षले सरकारी तहबाट बनाउनुपर्ने कुरालाई अडानका साथ लियो। यसरी नेपाली पक्षले अडान नलिएको भए बुटबल–गोरखपुर प्रसारण लाइन पनि पुरानै शैलीमा निर्माण हुने थियो।

यो प्रकरणमा भारत पनि सकारात्मक भएकै देखियो। यो बैठकले नेपाली पक्षले अडान छोडिदिँदा उसको मात्र हित हुने गरी सम्झौता हुँदै परम्परालाई एक प्रकारले तोडेको छ। विगतका यस्ता कर्मचारीतन्त्रबीच हुने द्विपक्षीय बैठकमा भारतले जसो भन्यो उसै सम्झौता गरेर आउने प्रवृत्ति भने यसमा देखिन पाएन।

गत वर्ष सम्पन्न सार्कमा ऊर्जाको क्षेत्रीय विकासलाई सबै सदस्य राष्ट्रले अंगीकार गरेका छन् र सार्कको कार्यादेशअनुसार ऊर्जा बैंक गठन गर्ने भनिएको छ। निश्चय पनि, नेपालको विद्युत्को एक मात्र अन्तर्राष्ट्रिय बजार तत्कालको लागि भारत नै हो। नेपालले भारतीय बजार ताकेको २०४९ सालदेखि हो। तर भारतले नेपालबाट विद्युत् आयात गर्ने कुरामा त्यति सकारात्मक भएन। हामीले भारतलाई बिजुली निकासी गर्नेभन्दा पनि उल्टो आयात गरिरहेका छौं।

२०४९ सालमा बनेको विद्युत् विकास नीतिले बिजुलीलाई निर्यातमूलक वस्तुको रूपमा लिएको छ र यसमा निजी क्षेत्रलाई समेत सहभागी गराउने उल्लेख छ। यो नीतिअनुसार बनेको विद्युत् ऐनले पनि विद्युत् निर्यातलाई जोड दिएको छ। तर एकपछि अर्को गर्दै भारतमा बिजुली निकासीको कुरा त परै जाओस्, १० मेगावाट बिजुली थप गरिदेऊ भन्दै भारतलाई अनुनयविनय गरिरहेका छौं।

गत साता नयाँदिल्लीमा सम्पन्न सचिवस्तरीय बैठकमा पनि नेपालीले धेरै बिजुली मागेर आयो र भारत पनि सहमत भयो । यता सरकारले भारतले बिजुली दिन सहमति जनाउनुलाई आफ्नो सफलता मानेको छ । तर हामी विद्युत्‌जस्तो अत्यावश्यक कुरामा भारतमाथिको निर्भरता बढाउँदै लगिरहेका छौं । भारतमाथिको अत्यधिक निर्भरताले नेपाली जनताले कस्तो दुःख पाउँछन् भन्ने गत असोजमा संविधान जारी भएपछि उसले लगाएको नाकाबन्दीले प्रमाणित गरिसकेको छ ।

विडम्बनाका साथ भन्नुपर्दा, विद्युत् वा विद्युतीय ऊर्जामा आत्मनिर्भर हुने न नीति छ, न सोच नै । अझ प्रधानमन्त्री केपी शर्मा ओलीले गौरवका साथ भने, 'हामी भारतबाट बिजुली ल्याएर यो वर्ष उल्लेखनीय रूपमा र अर्को वर्ष नामोनिसान नहुने गरी लोडसेडिङ अन्त्य गर्नेछौं ।' ओलीले भारतबाट बिजुली ल्याउन सक्नुलाई ठूलो उपलब्धिका रूपमा लिएका छन्, जसले कालान्तरमा मुलुकलाई ठूलो दुर्घटनातिर उन्मुख गराउनेछ ।

स्वदेशमा जलाशययुक्त आयोजना निर्माणविना लोडसेडिङ अन्त्य होइन, कमसमेत हुने छैन । तर जलाशययुक्त आयोजना निर्माणको लागि गर्नुपर्ने चाँजोपाँजोमा भने ओली सरकार मौन रहनुको कारण भारत छँदै छ, उतैबाट ल्याउने र अन्त्य गर्ने भन्ने कुरालाई मन्त्रिपरिषद्‌ले पारित गरिसकेको छ र आगामी वर्षको बजेटमा समेत परिसकेको छ ।

भारतले नेपालको बिजुली नलिने र यहाँ उसले लाइसेन्स लिएका आयोजना नबनाउनुको एक मात्र कारण भारतमा ऊर्जाको बजार मुख्य हो । नेपालीले उत्पादन गरेको बिजुली प्रतियुनिट आठ रुपैयाँमा लिइदेऊ भन्दा पनि भारत तयार हुँदैन । उसको हालको बजारमा प्रतियुनिट बिजुली २ रुपैयाँ ४० पैसा (भारु) छ ।

तर हामीकहाँ लागत अत्यधिक छ । यही ऊर्जाको दरभाउ नमिलेका कारण नर्वेको एसएन पावरजस्तो कम्पनीले समेत तामाकोसी तेस्रो जलविद्युत् आयोजनाबाट हात झिक्यो । भारतीय बजारलाई लक्षित गरेर आयोजनाको अध्ययन र डीपीआरसमेत पूरा गरिसकेको आयोजनाको यो हालत छ भने अब पनि सरकारले भारतलाई बिजुली बेचेर धनी हुन्छु भन्ने कल्पनासमेत गर्‍यो भने त्यो गलत हुनेछ ।

एकातिर भारतबाट आयात गरेर लोडसेडिङ अन्त्य गर्छु भन्ने र अर्कोतिर भारतलाई बिजुली बेचेर धनी हुन्छु भन्ने परस्पर विरोधी नीतिले मुलुकको जलविद्युत् विकास कहिले हुने ? ९५ प्रतिशत काम सकिएको चमेलिया, दस वर्षदेखि निर्माण भइरहेको कुलेखानी तेस्रो जस्ता आयोजना निर्माण सम्पन्न गर्न नसक्ने सरकारले जलाशययुक्त बनाउला ? यी दुई आयोजना निर्माण सम्पन्न भएको भए करोडौं रुपैयाँको बिजुली आयातमा केही कमी त हुन्थ्यो । हिजो भारतले नाकाबन्दी गर्दा तेल आपूर्ति ठप्प भयो । त्यतिबेला वैकल्पिक उपाय नभएर हामी कति निरीह हुनुपर्‌यो । भोलिका दिनमा यस्तै नाकाबन्दी लगाउँदा वा दुई देशको सम्बन्ध प्रतिकूल हुँदा बिजुलीको स्विच नै अफ गरिदियो भने हाम्रो हालत के होला ? ऊर्जा सुरक्षा भनेकै राष्ट्रिय सुरक्षा हो । ऊर्जाको परनिर्भरताले राष्ट्रिय सुरक्षालाई पनि संकटमा पार्छ । देश हाँक्नेले यति सानो कुरो नबुझेको त पक्कै होइन होला ? बुझेर पनि गर्दैनन् । तिनका नियत नै खराब रहेको प्रस्ट देखिन्छ ।

विद्युत् ऐनले पनि विद्युत् निर्यातलाई जोड दिएको छ, तर एकपछि अर्को गर्दै भारतमा बिजुली निकासीको कुरा त परै जाओस्, १० मेगावाट बिजुली थप गरिदेऊ भन्दै भारतलाई अनुनयविनय गरिरहेका छौं ।

ऊर्जा सुरक्षालाई प्राथमिकतामा राखिएको थियो भने जलाशययुक्त आयोजना निर्माणको लागि नीतिगत र वित्तीय बन्दोबस्ती गरिन्थ्यो । माथिल्लो तामाकोसीजस्तो आयोजना निर्माणको चरणमा पुग्न १५ वर्ष लाग्ने हाम्रो मुलुकमा

बूढीगण्डकी, नलसिंहगाड, दूधकोसी जस्ता आयोजना निर्माण भएर वा भनौँ दस वर्षमा दस हजार मेगावाट बिजुली उत्पादन होला ? घोषणा गरिन्छ, तर त्यसलाई चाहिने पूर्वाधार लथालिंग पारिन्छ ।
निजी क्षेत्रको सहभागिता बढाउने भनिन्छ, तर पीपीए रोकिन्छ । आयोजना बनाउन चाहिने जग्गाको हदबन्दी कायमै रहन्छ अनि कसरी आयोजना बन्छ ? यीलगायत तीन दर्जनभन्दा बढी मुद्दा सरकारी निकायबीच आपसमा जेलिएर बसेका छन् । अर्को एउटा उदाहरण, जलाशययुक्त आयोजनाको आवश्यकता सबैलाई खट्किरहेकै छ । अध्ययन हुन्छ समितिमार्फत । अझ बनाउने पनि समितिमार्फत नै भनिएको छ, हालसम्म ।
विकास समितिले जलविद्युत् आयोजना बनाउनु भनेको जात नमिलेको मिर्गौला प्रत्यारोपण गर्नुसरह हो । राजनीतिक भागबन्डा मिलाउन नियुक्त गरिएका व्यक्तिले सरकारी संयन्त्रमा घुलमिल गरेर, लगानी जुटाएर निर्माण कहिले गर्ने ? जबकि आफ्ना दलनिकटका व्यक्तिलाई समितिमा नियुक्ति गर्ने मात्र उद्देश्य हो । उद्देश्य नै जागिर मात्र खुवाउने, गाडी चढाउने र अध्ययन गर्ने परामर्शदाता नियुक्त गर्दा अनियमितता गरी आर्थिकोपार्जन गर्नेछ भने आयोजना बन्छ कसरी ? दलका नेताहरू यो तहको सोचभन्दा माथि उठ्न नसकेकाले राष्ट्रिय ऊर्जा सुरक्षा सधैँ धरापमा परिरहेको छ र पर्नेछ ।

अभियान, २०७३/३/२६

# माथिल्लो कर्णाली : तोकिएकै समयमा आयोजना शुरु नहुने संकेत

बहुचर्चित ९ सय मेगावाटको माथिल्लो कर्णाली जलविद्युत् आयोजना निर्माण तोकिएकै समयमा शुरु नहुने संकेत देखिएको छ । ऋण प्रवाहको आन्तरिक प्रक्रिया तथा जग्गा अधिग्रहणमा भइरहेको ढिलाइका कारण आयोजनाको निर्माण कार्य तोकिएको समयमा शुरु नहुने आशंका उत्पन्न भएको हो ।

विकासकर्ता भारतीय कम्पनी जीएमआर र नेपाल सरकारबीच आयोजना विकास सम्झौता (पीडीए) भएको करीब दुई वर्ष पुग्दैछ । यस अवधिमा जीएमआरले वित्तीय स्रोत जुटाइसक्नुपर्ने हो । बहुराष्ट्रिय वित्तीय संस्थाहरुले जीएमआरलाई लगानी गर्ने वचन मात्र दिएका छन् । जीएमआरकै ढिलासुस्तीका कारण प्रगति हुन नसकेको स्थानीयको बुझाई रहेको छ । निर्माणपूर्व सम्पन्न हुनुपर्ने काम पूरा नहुँदा स्रोत जुटाउने समय त्यत्तिकै गुज्रँदै गएको माथिल्लो कर्णाली सरोकार सङ्घका अध्यक्ष बमबहादुर विसीले बताए । जीएमआरले २०१६ जुन ३० बाट निर्माण शुरु गरी २०२१ जुनमा आयोजना सम्पन्न गर्नुपर्ने पीडीएमा उल्लेख छ ।

आगामी असोज ३ सम्म लगानी जुट्ने छाँट नदेखेपछि जीएमआरले समय बढाइदिन सरकारसँग अनुरोध गरेको छ । 'कम्पनीले चित्तबुझ्दो कारण देखाए सरकारले म्याद थप गर्न सक्छ,' आयोजनाको व्यवस्थापन गरिरहेको लगानी बोर्ड स्रोतले भन्यो, 'बोर्डको आगामी बैठकमा यसबारे निर्णय हुन सक्छ ।' ऋण लगानी गर्न सहमत भएका वित्तीय संस्था मध्ये विश्व बैङ्कको प्रक्रिया सबैभन्दा झन्झटिलो भएको जीएमआरका अधिकारी बताउँछन् । आगामी जुनमा बस्ने बैङ्कको बैठकले निर्णय गर्ने र एक सय २० दिनसम्म वेबसाइटमार्फत सार्वजनिक गर्नुपर्ने प्रावधानका कारण स्रोत जुटाउने समय गुज्रिने निश्चित जस्तै छ', एक अधिकारीले भने ।

जीएमआरले जग्गा अधिग्रहणको काम पनि निर्धारित अवधिमा शुरु गर्न सकेको छैन् । जसको असर वित्तीय स्रोत व्यवस्थापनमा परेको छ । अधिग्रहणका लागि एक वर्षसम्म जग्गा धनीसँग वार्ता गर्ने र सफल नभएपछि मात्र सरकारलाई आग्रह गर्ने पीडीएमा उल्लेख छ । कम्पनीको 'नेगोसिएसन' प्रयास असफल भएको छ । सरकारी जग्गा २० महीनाभित्र लिजमा र निजी जग्गा अधिग्रहण गरिसक्नुपर्ने हो । तर, कम्पनी बल्ल अधिग्रहणका लागि सरकारसँग आग्रह गर्ने तयारीमा छ । आयोजनाका लागि निजी सात सय र सार्वजनिक ९१ कित्ता जमिन अधिग्रहण गर्नुपर्ने छ । सरकारले ६ महीनाभित्र त्यसको प्रक्रिया सम्पन्न नगरे आयोजना झन् पछाडि धकेलिने जोखिम छ । सुस्त तयारीले आयोजनाकै भविष्यमा अन्योलमा पर्न सक्ने भएकाले सरकारबाट प्रभावकारी अनुगमन गर्नुपर्ने सरोकारवालाको भनाइ छ ।

जीएमआरले विद्युत् खरीद सम्झौता (पीपीए), जग्गा अधिग्रहण र ट्रान्समिसन गुरुयोजना सम्बन्धी कागजात बुझाएपछि मात्र लगानीको बाटो खुल्छ । ती सबै काम अधुरा छन् । अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी), विश्व बैङ्क, युरोपियन इन्भेस्ट बैङ्क (ईआईबी), एसियाली विकास बैङ्क (एडीबी), जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका) लगायत आधा दर्जन वित्तीय संस्था एक खर्ब बराबर ऋण लगानी गर्न सहमत भएका छन् । जीएमआरले ऋण र समान हिस्साको साझेदार खोजिरहेको छ । आईएफसी १० प्रतिशतको साझेदार बन्न यसअघि नै सहमत भइसकेको छ । माथिल्लो कर्णालीमा जुट्न थालेको लगानीको संयोजन आईएफसीले नै गरिरहेको छ ।

अछाम, दैलेख र सुर्खेतमा पर्ने आयोजनाबाट नेपाल सरकारले १२ प्रतिशत विद्युत् र २७ प्रतिशत सेयर निःशुल्क पाउने सम्झौतामा छ । समझदारी पत्र अनुसार नेपाल सरकारले चाहेमा थप ३० प्रतिशत विद्युत् खरीद गर्न सक्ने छ । १९ सेप्टेम्बर २०१४ मा सरकार र कम्पनीबीच ऊर्जा विकास सम्झौता (पीडीए) भएको थियो ।

निर्माणपछिको २५ वर्षपछि पाउने निःशुल्क विद्युत, आयकर, रोयल्टी र साझेदारीबाट करीब चार खर्ब रुपैयाँ आम्दानी हुने सरकारी दाबी छ । त्यस्तै, दक्ष तथा अदक्ष गरी २ हजार बढीले प्रत्यक्ष रोजगारी पाउने अपेक्षा गरिएको छ । प्रभावित क्षेत्रका लागि जीएमआरले दुई मेगावाटको आयोजना निर्माण गरिदिनुपर्ने छ ।

दैलेखको टुइनकुनाबाट दुई दशमलव पाँच किलोमिटर सुरुङ खनेर अछाम भैरवस्थानको बल्देमा एक सय ५० मिटर माथिबाट पानी खसालिने छ । ‘रन अफ रिभर’ (जलाशयरहित) आयोजना भएकाले ठूलो बाँध आवश्यक नपर्ने, छोटो सुरुङ मार्ग, नरम चट्टान भएकाले सस्तो परियोजना भएको विज्ञहरुको दाबी छ । विद्युत् गृहबाट सुर्खेत र कैलाली हुँदै विद्युत् भारत लगिने छ । दैलेखका ६, सुर्खेतका ३ र अछामका ३ गाविस आयोजनाबाट प्रत्यक्ष प्रभावित हुने छन् । पुनस्र्थापना तथा पुनर्वाससम्बन्धी कार्ययोजना अनुसार कुल चार सय २६ घरधुरी आयोजनाबाट प्रभावित हुने छन् ।

अभियान, २०७३/३/२६

# भारतबाट आयातीत बिजुली महँगियो

नेपालले भारतबाट आयात गर्दै आएको ८० मेगावाट बिजुलीको खरिद मूल्य महँगिएको छ । फागुनदेखि नेपाल विद्युत् प्राधिकरणले खरिद गर्दै आएको बिजुलीको मूल्य विगतभन्दा प्रतियुनिट २५ पैसाले महँगिएको हो । ५ महिनाका लागि प्रतियुनिट ३ रुपैयाँ ४४ पैसा (भारु) मा विद्युत् खरिद गर्ने सम्झौता भए पनि हाल महँगिएर ३ रुपैयाँ ६० पैसा भारतीय रुपैयाँ पुगेको विद्युत् प्राधिकरणले जनाएको छ । प्रधानमन्त्री केपी शर्मा ओलीले भारत भ्रमणका क्रममा भारतीय समकक्षी नरेन्द्र मोदीसँगै रिमोर्टमार्फत स्विच थिचेर यो परिमाणमा विद्युत् आयातको शुभारम्भ गरेका थिए ।

विद्युत् प्राधिकरण र भारतको नेसनल थर्मल पावर कम्पनी (एनटीपीसी) को प्लान्टबाट व्यापारिक कम्पनी एनटीपीसी विद्युत् व्यापार निगम (एनभीभीएन) बीच आइतबार नयाँ मूल्यसम्बन्धी सम्झौता भएको हो । सम्झौतापत्रमा विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक मुकेशराज काफ्ले र एनभीभीएनका प्रबन्ध निर्देशक अरुणकुमार गर्गले हस्ताक्षर गरे । हालै भएको दुई देशको ऊर्जा ब्यापार सम्झौता (पीटीए) अन्तर्गतको नेपाल–भारत सचिवस्तरीय संयुक्त बैठकमा भारतीय पक्षले बजार मूल्यको आधारमा मात्र विद्युत् दिन सक्ने प्रस्ताव गरेको थियो । नेपाली पक्षले साविककै मूल्यमा एक वर्षसम्म विद्युत् दिन आग्रह गरे पनि भारतीय पक्षले अस्वीकार गरेपछि विद्युत्को मूल्य बढेको हो । पाँच महिनाका लागि ग्रेसको रूपमा भन्दै प्रतियुनिट भारतीय १६ पैसा अर्थात् नेपाली २५ पैसा मात्र बढाउन दुवै देशका प्रतिनिधि सहमत थिए ।

जुलाई महिनाभर साविककै मूल्यमा विद्युत् खरिद गर्ने र अगस्टदेखि डिम्सेम्बरसम्म प्रतियुनिट ३ दशमलव ६० पैसा भारतीय रुपैयाँ तिर्नुपर्ने गरी सम्झौता भएको प्राधिकरण विद्युत् व्यापार विभागका प्रमुख प्रवल अधिकारीले जानकारी दिए । सम्झौताअनुसार, भारतले नेपाललाई आगामी अगस्ट र सेप्टेम्बरमा ५० मेगावाट तथा नोभेम्बर र डिसेम्बरमा ७४ मेगावाट विद्युत् दिनेछ भने अक्टुम्बरमा आवश्यक परेमा मात्र दिनेछ । विद्युत् प्राधिकरणले अक्टुबरसम्ममा ४५ मेगावाटको भोटेकोसी बन्ने सम्भावना नभएपछि आवश्यकताअनुसार खरिद गर्ने गरी सम्झौता गरेको प्रमुख अधिकारीले जानकारी दिए ।

सचिवस्तरीय बैठकमा भारतले कोइलामा दिँदै आएको सहुलियत निर्यातमूलक विद्युत्मा दिन नसकिने भन्दै साविकको बजार मूल्यमा खरिद गर्न प्रस्ताव गरेको थियो । जवाफमा ऊर्जा सचिव सुमन शर्माले जसरी भए पनि पहिलाकै मूल्यमा दिन आग्रह गरेको बताइएको छ । द्विपक्षीय वार्तापछि भारतीयले १६ पैसा (भारु) मात्र खरिद मूल्य थपेका थिए । प्राधिकरण अधिकारीका अनुसार यो विद्युत्को प्रतियुनिट ५ रुपैयाँभन्दा बढी लागत पर्छ । जनवरीदेखि थप २ सय मेगावाट नेपाल–भारत पहिलो अन्तरदेशीय प्रशारण लाइनमार्फत विद्युत् आयात गर्ने लक्ष्य राखिए पनि यसको मूल्य भने टुंगो लागेको छैन ।

पीटीए कार्यान्वयनका लागि हालै भएको सचिवस्तरीय बैठकमा भारतले अन्तरदेशीय प्रशारण लाइनबाट २ सय मेगावाटसहित कुल ३ सय मेगावाट विद्युत् दिन सहमत भएको छ । हाल आयात भइरहेको ८० मेगावाटबाहेक थप १ सय २० मेगावाट तथा दुहबी–कटैया–कुसाहा र रक्सौल–परवानीपुरमार्फत ५०÷५० मेगावाट विद्युत् थप गर्ने नेपालको प्रस्तावमा भारत सहमत भइसकेको छ । अन्तरदेशीय प्रसारणलाइनबाट हाल ८० मेगावाटसम्म विद्युत् आयात गरिरहेको नेपालले भारतसँग सन् २०१६ को अक्टुबरसम्म २ सय मेगावाट र २०१७ को डिसेम्बरबाट ६ सय मेगावाट पु¥याइने सम्झौता प्रधानमन्त्री केपी ओलीको भारत भ्रमणको क्रममा भएको थियो ।

नयाँ पत्रिका, २०७३/३/२७

# जलविद्युत् आयोजना जहिल्यै जोखिममा

**नदी किनारमा बन्ने जलविद्युत् आयोजना प्राकृतिक प्रकोपको उच्च जोखिममा रहन्छन्, जोखिम न्यूनीकरणका उपाय प्रभावहीन**

*सचेन गौतम*

०७१ साउनमा सिन्धुपाल्चोक चुरेको पहिरोले प्रसारण लाइनमा क्षति पुर्‍याउँदा ४५ मेगावाट माथिल्लो भोटेकासीसहित त्यस भेगमा सञ्चालनमा रहेका जलविद्युत् आयोजनाको विद्युत् उत्पादन बन्द भयो । जुरे पहिरोले नदी थुन्दा साढे २ मेगावाटको सुनकोसी जलविद्युत् आयोजनाको विद्युतगृह नै डुबानमा पर्‍यो । क्षति पुगेको प्रसारण लाइन निर्माण गर्दा स्थानीयले सेयरको माग गर्दै भोटेकोसीको कामलाई नै अवरोध गरे । स्थानीयलाई सेयर दिने गरेर आयोजनाले प्रसारण लाइन निर्माण गरी विद्युत् उत्पादन सुरु गर्‍यो । गत वर्षको १२ वैशाखको भूकम्प र त्यसपछिका पराकम्पनले भोटेकोसी र सुनकोसी दुवै आयोजनामा ठूलो क्षति पुर्‍यायो । अहिले पुनरुस्थापना अन्तिम चरणमा पुगेको अवस्थामा नदीमा आएको बाढीले भोटेकोसी आयोजनामा ठूलो क्षति पुर्‍याएको छ ।

भूकम्पले क्षति पुर्‍याएपछि नेपाल विद्युत् प्राधिकरणले नुवाकोटमा निर्माण गरिरहेको ६० मेगावाटको माथिल्लो त्रिशूली–३ 'ए' जलविद्युत् आयोजनाको काम अझै सुरु भएको छैन । भूकम्पपछि आएको पहिरोले क्षति पुर्‍याएको सडक ट्र्याक खोलियो, तर यस वर्षको पहिरोले फेरि भत्काएको छ । जसले गर्दा आयोजनाको निर्माणाधीन बाँधस्थलसम्म जाने सडक नै बन्द भएको छ ।

माथिका दुई उदाहरणले जलविद्युत् आयोजनामा जहिले पनि जोखिम रहेको देखाएको छ । जटिल भौगोलिक अवस्थिति र नदीको छेउछाउ या नदीमै हुने जलविद्युत्को आयोजनाको अध्ययन, निर्माण र सञ्चालन जहिले पनि जोखिममा रहने देखिएको हो । निर्माण सम्पन्न भएपछि पनि सञ्चालनमा रहेका धेरै आयोजनालाई पनि बाढीले क्षति पुर्‍याएको छ । बाढी र पहिरोले गर्दा जलविद्युत् आयोजनाका संरचना असुरक्षित बनिरहेका छन् । जसले गर्दा यस क्षेत्रका लगानीकर्ता जोखिममा परिरहेका छन् ।

जलविद्युत् क्षेत्रमा भूकम्पले भौगर्भिक (जिओलोजिकल) र जलवायु परिवर्तनलगायतले हाइड्रोलोजिकल जोखिम बढ्दै गएको निजी क्षेत्रका ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इपान)का निवर्तमान अध्यक्ष डा.सुवर्णदास श्रेष्ठले बताए ।

'जोखिम नै जोखिम भएको जलविद्युत् क्षेत्रमा लगनाीकर्ताहरूले ठूलो मुटु लिएर लगानी गरेका हुन्छन्,' उनले भने, 'भूकम्पले यस क्षेत्रलाई अझै जोखिमयुक्त बनाएका हुन्छन्, जोखिमलाई न्यूनीकरण गर्न राज्यले ध्यान नदिने हो भने लगानीकर्ता पलायन हुन सक्ने अवस्था आउन सक्छ ।' जोखिमलाई न्युनीकरण गर्न कर छुटलगायतका सहुलियत र विभिन्न समयमा घोषणा गरिएका सुविधालाई सरकारले दिनुपर्ने श्रेष्ठले बताए ।

नदीमा पानीको मात्रा घट्ने र अनुमानभन्दा कम मात्रै विद्युत् उत्पादन हुँदा सञ्चालनमा रहेका साना आयोजनाले उल्टै प्राधिकरणलाई जरिवाना (पेनाल्टी) तिरिरहेका छन् । जलविद्युत्का लागि नदीमा बनाइने बाँध, नदीकिनारमा बनाइने नहर, नदीकिनारमै रहने विद्युत्गृहजस्ता संरचनाको सुरक्षा चुनौतीपूर्ण बनिरहेको विज्ञहरू बताउँछन् ।

गत वर्षको जेठमा बाढी आउँदा बरुण हाइड्रोपावर कम्पनीको स्वामित्वमा संखुवासभामा रहेको ४.५ मेगावाटको हेवा खोला विद्युत् आयोजनामा क्षति पुर्‍यायो । बाढीले आयोजनाको बाँध, विद्युत्गृह, बालुवा थिग्र्याउने पोखरीलगायतमा क्षति पुर्‍याएको थियो । जलविद्युत् आयोजनामा प्राकृतिक जोखिम बढ्दै गएको कम्पनीका अध्यक्ष एवं इपानका उपाध्यक्ष शैलेन्द्र गुरागाईंले बताए । 'अहिलेको अवस्था हेर्दा जलविद्युत् आयोजना निर्माण गर्न नहुने अवस्थामा पुर्‍याएको छ,' उनले भने ।

भोटेकोसी आयोजनाको बाढीले बालुवा थिग्र्याउने पोखरी (डेसेन्डिङ बेसिन)को सुरक्षाका लागि लगाएको पर्खाल भत्काएको र बाँधमा पनि ठुल्ठूला ढुंगा नदीले थुपारेको आयोजनाले जनाएको छ । गत वर्षको १२ वैशाखको भूकम्प र त्यसपछिका पराकम्पनले आयोजनाको विद्युत्गृह र पेनस्टक पाइपमा क्षति पुर्‍याउँदा आयोजना सञ्चालन हुन सकिरहेको थिएन । पुनर्निर्माण भइरहेका वेला बाढीले आयोजनामा पुन: क्षति पुर्‍याएको छ । बाढीले नेपाल विद्युत् प्राधिकरणको १० मेगावाटको सुनकोसी विद्युत् केन्द्रमा पनि क्षति पुर्‍याएको छ ।

## भारतबाट आयातीत विद्युत्को मूल्य बढ्यो

**काठमाडौं**/ ढल्केबर–मुजफ्फरपुर क्रस बोर्डर प्रसारण लाइनबाट आयात हुने विद्युत्को मूल्य बढेको छ । नेपाल विद्युत् प्राधिकरणले १७ साउनबाट १६ पुससम्म ७५ मेगावाटसम्म प्रतियुनिट ५ रुपैयाँ ७६ पैसा (३.६० भारु)मा आयात गर्नेछ । यसअघि भारतको मुजफ्फरपुर बिन्दुमा प्रतियुनिट ५ रुपैयाँ ५० पैसा (३.४४ भारु)मा ८० मेगावाटसम्म आयात गरिरहेको थियो ।

प्राधिकरण र भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगमबीच आइतबार नयाँ विद्युत् खरिद–बिक्री सम्झौता (पिपिए)मा हस्ताक्षर भएको छ । यसअघि ३ फागुनमा ८० मेगावाटसम्म विद्युत् खरिद–बिक्री सम्झौता भएको थियो । सम्झौताको म्याद १६ असारमा सकिएको थियो । मुजफ्फरपुरबाट ल्याउँदाको प्रसारण लाइन शुल्क (ह्विलिङ चार्ज) १ रुपैयाँ ५३ पैसा तिर्दा प्राविधिक चुहावटबाहेक ढल्केबर बिन्दुमा आइपुग्दा प्रतियुनिट ७ रुपैयाँ २९ पैसा पर्नेछ ।

क्रस बोर्डर प्रसारण लाइनमार्फत विद्युत् आयात गरे/नगरे पनि ह्विलिङ चार्ज तिर्नुपर्ने भएपछि प्राधिकरणले वर्षैभरि त्यहाँ विद्युत् ल्याउन लागेको हो । वार्षिक रूपमा १ अर्ब रुपैयाा ह्विलिङ चार्ज तिर्नुपर्ने प्राधिकरणले जनाएको छ । मासिक रूपमा मासिक रूपमा करिब ८ करोड २७ लाख रुपैयाा ह्विलिङ चार्ज मात्रै प्राधिकरणले तिर्नुपर्छ । ढल्केबरमा प्राधिकरणले २ सय २० केभीको सबस्टेसन बनाएपछि थप विद्युत् आयात गर्नेछ ।

## के भन्छन् विज्ञ ?

**अध्ययन र बिमामा विशेष ध्यान दिनुपर्ने देखियो**

**कुमार पाण्डे, महासचिव, इपान**

भूकम्प, बाढी, पहिरोलगायतका प्राकृतिक प्रकोपले जलविद्युत् आयोजनाका संरचनामा क्षति पुर्‍याइरहेको छ । यसले दुईवटा पक्षमा विशेष ध्यान दिनुपर्ने देखिएको छ । पहिलो आयोजनाको अध्ययन र बिमा प्रणाली । नदीमा आउनसक्ने सम्भावित बाढीको राम्रोसँग अध्ययन गरी सोहीअनुसारका संरचना बनाउनुपर्छ । राम्रोसँग अध्ययन नै नगरी बनाइएका संरचनामा समस्या आउने देखिएको छ । त्यसैले स्तरीय र नेपालको खोलानाला सुहाउँदो अध्ययन गरेर मात्रै संरचना निर्माणतर्फ लाग्नुपर्छ । जोखिमलाई न्यून गर्न अहिले भइरहेको बिमा प्रणालीलाई सुधार गर्नुपर्छ । बिमा कम्पनीले बिमा गर्ने, तर भवितव्य परेपछि रकम नदिएर भाग्ने गर्नुहुँदैन । बिमा भनेकै जोखिमलाई कम गर्न हो भन्ने बुझ्नुपर्छ ।

अभियान, २०७३/३/२७

# बुटवल– गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण हुने

नेपाल र भारतले संयुक्त रुपमा नयाँ बुटवल– गोखरपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने भएका छन् । अन्तरदेशीय प्रसारण योजनाको अध्ययन प्रतिवेदनको निष्कर्षका आधारमा नेपाल र भारतको ऊर्जा सचिवस्तरीय संयुक्त बैठकमा दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रुपमा अगाडि बढाउन सहमती भएको हो । कुल ४ सय किलोभोल्ट क्षमताको सो प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार पार्ने र निर्माण शुरु गर्ने लक्ष्य राखिएको छ ।

नेपालले हाल ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत कुल ८० मेगावाट विद्युत् आयात गरिरहेको छ । विद्युत् माग बढी भएका क्षेत्रलाई सहज रुपमा ऊर्जा उपलब्ध गराउने लक्ष्यका साथ न्यू बुटवल गोरखपुर प्रसारण लाइनलाई प्राथमिकतामा राखिएको हो । ऊर्जा मन्त्रालयका प्रवक्ता एवम् सहसचिव दिनेशकुमार घिमिरेले उक्त प्रसारण लाइनको डिपिआर आगामी डिसेम्बरसम्म तयार हुने बताए ।

'डिपिआर तयार भएपछि मात्र लागतबारे थाहा हुन्छ,' उनले भने । प्राधिकरणको बुटवलमा रहेको सवस्टेशनपूर्व रोहिणीखोला नजिक अर्को सवस्टेशन बनाउने र भारतबाट विद्युत् आयात गर्ने सरकारको तयारी छ । बूढीगण्डकी र मस्र्याङ्दी करिडोरलगायतका स्थानमा उत्पादन हुने विद्युत् बढी हुँदा भारत निर्यात गर्न सो प्रसारण लाइन सहज हुने विश्वासका साथ दुवै मुलुकले उक्त परियोजनालाई प्राथमिकतामा राखेका हुन् ।

सन् २०२२ सम्म नेपालले भारतबाट कुल एक हजार मेगावाट विद्युत् आयात गर्ने र सो अवधिपछि नेपालबाट करीब दुई हजार विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ । दुवै मुलुकले आ–आफ्नो तर्फको प्रसारण लाइन निर्माण गर्ने ऊर्जा सचिवस्तरीय संयुक्त बैठकमा सहमति भएको प्रवक्ता घिमिरेले बताए । यही असार १३ र १४ गते भारतमा सम्पन्न संयुक्त बैठकले समेत प्रसारण लाइन निर्माणको विषयमा महत्वपूर्ण निर्णय गरेको सन्दर्भमा न्यू बुटवल गोरखपुर प्रसारण लाइन निर्माणले गति लिने विश्वास गरिएको छ । यस्तै कुशाहा–कटैया, रक्सौल–परवानीपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रक्रियालाई चाँडो सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ती दुवै प्रसारण लाइनबाट थप ५०/५० मेगावट विद्युत् आयात गर्ने लक्ष्य राखिएको छ । मुलुकमा जारी ऊर्जा सङ्कटलाई हल गर्न तत्काल भारतबाट आवश्यक मात्रामा विद्युत् आयात गरिनेछ । भारत सरकारको अनुदानमा निर्माणाधीन कुशाहा–कटैया एवम् रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइनबाट पूर्ण क्षमतामा विद्युत् डिसेम्बरसम्म ल्याउने मन्त्रालयको तयारी छ ।

मुलुकभित्र उत्पादन हुने विद्युत् आन्तरिक खपतबाट बढी भएको अवस्थामा निकासी गर्नेतर्फ पनि विशेष जोड दिइएको छ । प्रवक्ता घिमिरेले सबै उपाय अवलम्बन गरेर ऊर्जा सङ्कट समाधान गर्ने लक्ष्य राखिएको बताए ।
रासस

कारोबार, २०७३/३/२७

# बुटवल–गोरखपुर अन्तरदेशीय प्रसारण लाइन बन्ने

*रमेश लम्साल*

नेपाल र भारतले संयुक्त रूपमा नयाँ बुटवल–गोखरपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने भएका छन् । अन्तरदेशीय प्रसारण योजनाको अध्ययन प्रतिवेदनको निष्कर्षका आधारमा नेपाल र भारतको ऊर्जासचिवस्तरीय संयुक्त बैठकमा दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रूपमा अघि बढाउन सहमति भएको हो ।

कुल ४ सय किलोभोल्ट क्षमताको सो प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार पार्ने र निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ । नेपालले हाल ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत कुल ८० मेगावाट विद्युत् आयात गरिरहेको छ । विद्युत् माग बढी भएका क्षेत्रलाई सहज रूपमा ऊर्जा उपलब्ध गराउने लक्ष्यका साथ न्यू बुटवल–गोरखपुर प्रसारण लाइनलाई प्राथमिकतामा राखिएको हो ।

ऊर्जा मन्त्रालयका प्रवक्ता एवम् सहसचिव दिनेशकुमार घिमिरेले उक्त प्रसारण लाइनको डीपीआर आगामी डिसेम्बरसम्म तयार हुने बताए । "डीपीआर तयार भएपछि मात्र लागतबारे थाहा हुन्छ," उनले भने । प्राधिकरणको बुटवलमा रहेको सब स्टेसनपूर्व रोहिणी खोलानजिक अर्को सब स्टेसन बनाउने र भारतबाट विद्युत् आयात गर्ने सरकारको तयारी छ । बूढीगण्डकी र मर्स्याङ्दी करिडोरलगायत स्थानमा उत्पादन भएको विद्युत् बढी हुँदा भारत निर्यात गर्न सो प्रसारण लाइन सहज हुने विश्वासका साथ दुवै मुलुकले उक्त परियोजनालाई प्राथमिकतामा राखेका हुन् ।

सन् २०२२ सम्म नेपालले भारतबाट कुल १ हजार मेगावाट विद्युत् आयात गर्ने र सो अवधिपछि नेपालबाट करिब २ हजार विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ । दुवै मुलुकले आ–आफ्नो तर्फको प्रसारण लाइन निर्माण गर्ने ऊर्जा सचिवस्तरीय संयुक्त बैठकमा सहमति भएको प्रवक्ता घिमिरेले बताए ।

ढल्केबर–मुजफ्फरपुर प्रसारण लाइनमा कुनै समस्या आए मुलुकभित्रको ऊर्जा वितरण प्रणालीलाई यथावत् राख्न वैकल्पिक प्रसारण लाइन सहयोगी हुने भएका कारण सो प्रसारण लाइन अघि बढाउन लागिएको हो । विद्युत्को मुख्य माग हुने भैरहवा, बुटवल, नारायणगढ, पोखरा, दाङलगायतका सहरसमेत उक्त प्रसारण लाइनको नजिक पर्ने भएकाले ऊर्जा मन्त्रालयले प्राथमिकतामा राखेको हो ।

सरकारले प्रस्ताव गरेको प्रसारण लाइन गुरुयोजनामा पनि अन्तरदेशीय प्रसारण लाइनको निर्माण, आन्तरिक प्रसारण लाइनको विकास तथा विस्तारलाई जोड दिइएको छ । हाल दुई देशबीच विभिन्न ११ स्थानमा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

यही असार १३ र १४ गते भारतमा सम्पन्न संयुक्त बैठकले पनि प्रसारण लाइन निर्माणको विषयमा महत्वपूर्ण निर्णय गरेको सन्दर्भमा न्यू बुटवल गोरखपुर प्रसारण लाइन निर्माणले गति लिने विश्वास गरिएको छ । बैठकले प्राविधिक समिति तथा अन्य संयन्त्रहाई थप क्रियाशील बनाउने अनि यस क्षेत्रमा भएको द्विपक्षीय सहयोगलाई गति दिने निर्णय गरेको छ ।

यस्तै कुशाहा–कटैया, रक्सौल–परवानीपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रक्रियालाई चाँडो सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ती दुवै प्रसारण लाइनबाट थप ५०/५० मेगावट विद्युत् आयात गर्ने लक्ष्य राखिएको छ । मुलुकमा जारी ऊर्जा सङ्कटलाई हल गर्न तत्काल भारतबाट आवश्यक मात्रामा विद्युत् आयात गरिनेछ ।

हाल ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट आयात भइरहेको ८० मेगावाट विद्युत् आयातलाई निरन्तरता दिने र आगामी डिसेम्बरसम्म ढल्केबरमा सब स्टेसन निर्माण सम्पन्न गरी थप विद्युत् आयात गरिनेछ भने प्रसारण लाइनको क्षमताअनुसार नै आयात गर्ने सहमति जुटेको छ । भारत सरकारको अनुदानमा निर्माणाधीन कुशाहा–कटैया एवम् रक्सौल परवानीपुर १३२ केभी प्रसारण लाइनबाट पूर्ण क्षमतामा विद्युत् ल्याउन डिसेम्बरसम्म हरसम्भव प्रयास गर्ने मन्त्रालयको तयारी छ ।

मुलुकभित्र उत्पादन हुने विद्युत् आन्तरिक खपतबाट बढी भएको अवस्थामा निकासी गर्नेतर्फ पनि विशेष जोड दिइएको छ । प्रवक्ता घिमिरेले सबै उपाय अवलम्बन गरेर ऊर्जा सङ्कट समाधान गर्ने लक्ष्य राखिएको बताए ।

गोरखापत्र/राजधानी दैनिक, २०७३/३/२७

# बुटवल–गोरखपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण हुने

नेपाल र भारतले संयुक्त रूपमा बुटवल–गोखरपुर अन्तरदेशीय नयाँ प्रसारण लाइन निर्माण गर्ने भएका छन् । अन्तरदेशीय प्रसारण योजना अध्ययन प्रतिवेदनको निष्कर्षका आधारमा नेपाल र भारतको ऊर्जा सचिवस्तरीय संयुक्त बैठकमा दोस्रो अन्तरदेशीय प्रसारण लाइनका रूपमा अगाडि बढाउन सहमति भएको हो ।

कुल ४ सय किलोभोल्ट क्षमताको सो प्रसारण लाइनको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर) तयार पार्ने र निर्माण सुरु गर्ने लक्ष्य राखिएको छ ।

नेपालले हाल ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनमार्फत कुल ८० मेगावाट विद्युत् आयात गरिरहेको छ । विद्युत् माग बढी भएका क्षेत्रलाई सहज रूपमा ऊर्जा उपलब्ध गराउने लक्ष्यका साथ न्यु बुटवल–गोरखपुर प्रसारण लाइनलाई प्राथमिकतामा राखिएको हो । ऊर्जा मन्त्रालयका प्रवक्ता एवं सहसचिव दिनेशकुमार घिमिरेले सो प्रसारण लाइनको डीपीआर आगामी डिसेम्बरसम्म तयार हुने बताए । ‘डीपीआर तयार भएपछि मात्र लागतबारे थाहा हुन्छ,’ उनले भने । प्राधिकरणको बुटवलमा रहेको सबस्टेसनपूर्व रोहिणीखोलानजिक अर्को सबस्टेसन बनाउने र भारतबाट विद्युत् आयात गर्ने सरकारको तयारी छ । बूढीगण्डकी र मस्र्याङ्दी करिडोर लगायतका स्थानमा उत्पादन भएको विद्युत् बढी हुँदा भारत निर्यात गर्न यस प्रसारण लाइन सहज हुने विश्वासका साथ दुवै मुलुकले सो परियोजनालाई प्राथमिकतामा राखेका हुन् ।

सन् २०२२ सम्म नेपालले भारतबाट कुल १ हजार मेगावाट विद्युत् आयात गर्ने र सो अवधिपछि नेपालबाट करिब २ हजार विद्युत् निर्यात गर्ने लक्ष्य राखिएको छ । दुवै मुलुकले आआफ्नो तर्फको प्रसारण लाइन निर्माण गर्ने ऊर्जा सचिवस्तरीय संयुक्त बैठकमा सहमति भएको प्रवक्ता घिमिरेले बताए । ढल्केबर–मुजफ्फरपुर प्रसारण लाइनमा कुनै समस्या आए मुलुकभित्रको ऊर्जा वितरण प्रणालीलाई यथावत् राख्न वैकल्पिक प्रसारण लाइन सहयोगी हुने भएका कारण सो प्रसारण लाइन अघि बढाउन लागिएको हो ।

विद्युत्को मुख्य माग हुने भैरहवा, बुटवल, नारायणगढ, पोखरा, दाङ लगायतका सहरसमेत प्रसारण लाइनको नजिक पर्ने भएकाले ऊर्जा मन्त्रालयले प्राथमिकतामा राखेको हो ।

सरकारले प्रस्ताव गरेको प्रसारण लाइन गुरुयोजनामा समेत अन्तरदेशीय प्रसारण लाइनको निर्माण, आन्तरिक प्रसारण लाइनको विकास तथा विस्तारलाई विशेष जोड दिएको छ । हाल दुई देशबीच विभिन्न ११ स्थानमा अन्तरदेशीय प्रसारण लाइन निर्माण गर्ने प्रस्ताव गरिएको छ ।

यही १३ र १४ असारमा भारतमा सम्पन्न संयुक्त बैठकले समेत प्रसारण लाइन निर्माणको विषयमा महŒवपूर्ण निर्णय गरेको सन्दर्भमा न्यू बुटवल गोरखपुर प्रसारण लाइन निर्माणले गति लिने विश्वास

गरिएको छ । बैठकले प्राविधिक समिति तथा अन्य संयन्त्रहरूलाई थप क्रियाशील बनाउने र यस क्षेत्रमा भएको द्विपक्षीय सहयोगलाई गति दिने निर्णय गरेको छ ।

यस्तै, कुशाहा–कटैया, रक्सौल–परवानीपुर अन्तरदेशीय प्रसारण लाइन निर्माण प्रक्रियालाई चाँडो सम्पन्न गर्ने लक्ष्य राखिएको छ । ती दुवै प्रसारण लाइनबाट थप ५०÷५० मेगावट विद्युत् आयात गर्ने लक्ष्य राखिएको छ । मुलुकमा जारी ऊर्जा संकटलाई हल गर्न तत्काल भारतबाट आवश्यक मात्रामा विद्युत् आयात गरिनेछ ।

हाल ढल्केबर मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइनबाट आयात भइरहेको ८० मेगावाट विद्युत् आयातलाई निरन्तरता दिने र आगामी डिसेम्बरसम्म ढल्केबरमा सबस्टेसन निर्माण सम्पन्न गरी थप विद्युत् आयात गरिनेछ भने प्रसारण लाइनको क्षमताअनुसार नै आयात गर्ने सहमति जुटेको छ । भारत सरकारको अनुदानमा निर्माणाधीन कुशाहा–कटैया एवं रक्सौल परवानीपुर १ सय ३२ केभी प्रसारण लाइनबाट पूर्ण क्षमतामा विद्युत् ल्याउन डिसेम्बरसम्म हरसम्भव प्रयास गर्ने मन्त्रालयको तयारी छ । मुलुकभित्र उत्पादन हुने विद्युत् आन्तरिक खपतबाट बढी भएको अवस्थामा निकासी गर्नेतर्फ पनि विशेष जोड दिइएको छ ।

कान्तिपुर, २०७३/३/२८

# आगामी हिउँदमा लोडसेडिङ घटाउन भारतबाट ३०० मेगावाट विद्युत ल्याइँदै

सरकारले आगामी हिउँदमा तात्त्विक रूपमा लोडसेडिङ घटाउन भारतबाट थप तीन सय मेगावाट बिजुली आयात गर्ने भएको छ । त्यतिबेला भारतबाट आयात हुने बिजुली ६ सय मेगावाट पुग्ने र मुलुकको आन्तरिक उत्पादनसमेत बढ्ने भएकाले आगामी हिउँदमा लोडसेडिङ ८ घण्टामा सीमित हुने जानकारी विद्युत् प्राधिकरणका एक अधिकारीले दिए । अघिल्लो हिउँदमा लोडसेडिङ १६ घन्टासम्म पुगेको थियो ।

दुई देशबीचको समझदारीमा नेपाल–भारत ढल्केबर–मुजफ्फरपुर अन्तरदेशीय प्रसारण लाइन र दुई विद्युत् नाकाबाट थप तीन सय मेगावाट बिजुली आयात गर्ने गृहकार्य भइरहेको जानकारी ऊर्जा मन्त्रालयका सहसचिव दिनेश घिमिरेले दिए । विद्युत् प्राधिकरणका २ र विदेशी तथा स्वदेशी निजी लगानीका ६ निर्माणाधीन आयोजना सम्पन्न भई आगामी हिउँदसम्ममा मुलुकमा १ सय ५० मेगावाट थप बिजुली उत्पादन हुने भएको छ ।

घिमिरेका अनुसार आगामी हिउँदमा मुलुकमा विद्युतको माग १ हजार ४ सय ५० मेगावाट पुग्नेछ । मुलुकमा उत्पादित र भारतबाट आयात हुने थप बिजुली गरी हिउँदयाममा १ हजार मेगावाट बिजुली आपूर्ति हुनेछ । विद्युत् प्रणालीमा १ हजार मेगावाट बिजुली उपलब्ध भयो भने हिउँदमा लोडसेडिङ ८ घण्टाभन्दा बढी हुने छैन ।

'भारतबाट लक्ष्यबमोजिम बिजुली आयात गर्न सकियो भने आगामी हिउँदमा अघिल्लोको तुलनामा तात्त्विक रूपमा लोडसेडिङ घट्नेछ,' घिमिरेले कान्तिपुरसित भने । उनका अनुसार ढल्केबर–
मुजफ्फरपुर प्रसारण लाइनको सबस्टेसनको क्षमता विस्तार गरी आगामी हिउँदसम्म २२० केभी क्षमताको बनाइनेछ ।

क्षमता बढेपछि उक्त प्रसारण लाइनबाट तीन सय मेगावाट बिजुली आयात गर्न सकिनेछ । हाल उक्त प्रसारण लाइनबाट नेपालले भारतबाट जम्मा ८० मेगावाटमात्र बिजुली आयात गरिरहेको छ ।

कटैया–कुसाहा र परवानीपुर–रक्सौल विद्युत् नाकामा प्रसारण लाइन निर्माण (सर्किटको) काम भइरहेको छ । आगामी हिउँदसम्म दुवै ठाउँको काम सम्पन्न गर्ने लक्ष्य विद्युत् प्राधिकरणको छ । ती विद्युत् नाका हुँदै भारतबाट ५०/५० मेगावाट बिजुली आयात गरिनेछ ।

'हाल भारतबाट विभिन्न विद्युत् नाकाबाट २ सय ८० देखि ३ सय ३५ मेगावाटसम्म बिजुली आयात गरिरहेका छौं,' प्राधिकरणका एक अधिकारीले भने, 'अब तीन ठाउँबाट ३ सय मेगावाट थपेर आगामी हिउँदमा भारतबाट ६ सय मेगावाट बिजुली ल्याउनेछौं ।'

हिउँदयाममा मुलुकभित्र मुस्किलले ४ सय मेगावाट बिजुली (हिउँदयाममा मात्र चलाइने १ सय ४ मेगावाटको कुलेखानी जलाशययुक्त आयोजनाको विद्युतसहित) उत्पादन हुनेछ । हाल मुलुकको विद्युत् प्रणालीमा वर्षायाममा ७ सय ६७ मेगावाटमात्र बिजुली उत्पादन हुनेछ ।

सहसचिव घिमिरेका अनुसार आगामी हिउँदसम्म विदेशी तथा स्वदेशी निजी क्षेत्रबाट निर्माणाधीन ६ वटा आयोजना निर्माण सम्पन्न भई १ सय ५ मेगावाट बिजुली उत्पादन हुनेछ । चिनियाँ कम्पनी सिनो हाइड्रोको ५० मेगावाटको अप्पर मर्स्याङ्दी ए जलविद्युत् आयोजना अबको दुई महिनामै सम्पन्न भई बिजुली उत्पादन सुरु हुनेछ ।

आगामी हिउँदसम्ममा सम्पन्न भई बिजुली उत्पादन सुरु गर्ने स्वदेशी निजी क्षेत्रबाट निर्माणाधीन ५ आयोजनामा २२ मेगावाटको चाकु, १५ मेगावाटको हेवा, १० मेगावाटको माई क्यास्केट, ६ मेगावाटको तुमुङ–ठोस्ने र २

मेगावाटको छ्याङी छन् । यीमध्ये हेवा र छ्याङी आयोजनाले निर्माण सम्पन्न भई परिक्षण उत्पादन सुरु गरिसकेका छन् ।

सरकारले प्राधिकरणमार्फत निर्माण गरिरहेका दुई आयोजना ३० मेगावाटको चमेलिया र १४ मेगावाटको कुलेखानीको निर्माण आगामी हिउँदसम्म निर्माण सम्पन्न भई विद्युत् उत्पादन सुरु हुने जानकारी घिमिरेले दिए ।

कुलेखानी तेस्रो कुलेखानी जलाशययुक्त आयोजनाको दोस्रो क्यास्केट आयोजना हो ।

कुलेखानी पहिलोबाट ६० मेगावाट उत्पादन हुन्छ, त्यसबाट निस्कने पानी लगेर बनाइएको कुलेखानी दोस्रो अर्थात् क्यास्केट आयोजनाबाट ३२ मेगावाट बिजुली उत्पादन हुन्छ ।

कुलेखानी दोस्रोमा बिजुली उत्पादन भइसकेपछि निस्कने पानी लगेर कुलेखानी तेस्रो अर्थात् दोस्रो क्यास्केट आयोजनाबाट १४ मेगावाट बिजुली उत्पादन गर्ने अन्तिम तयारी प्राधिकरणको छ । आगामी हिउँददेखि कुलेखानी तेस्रोबाट विद्युत् उत्पादन सुरु भएपछि कुलेखानी जलाशययुक्त आयोजनाको कुल क्षमता १ सय ६ मेगावाट पुग्नेछ ।

नागरीक, २०७३/३/२८

# सरकारी निकाय नै ठेकेदारका पक्षमा

*लक्ष्मण वियोगी*

आपसी स्वार्थका कारण विकास आयोजना लामो समयसम्म कसरी प्रभावित हुन्छन् भन्ने उदाहरण सोलु करिडोर १३२ केभी प्रसारण लाइनमा दुई सरकारी निकायले दिएको सुझावले पुष्टि गरेको छ।

आयोजना विकासमा सरकारी निकायको धारणा तथा सुझाव एउटै हुनुपर्नेमा ऊर्जा मन्त्रालय र सार्वजनिक खरिद अनुगमन कार्यालयको फरक–फरक छ। संसदको सार्वजनिक लेखा समितिले कारबाही प्रक्रिया सहज बनाउन मागेको सुझाव ती निकायले अनुकूलका ठेकेदारका पक्षमा दिएका छन् ।

नीति नियम पालना गर्ने नाममा अनुगमन तथा सुपरिवेक्षण गर्ने निकाय नै ठेकेदारको स्वार्थ तथा संरक्षणमा लाग्ने गरेको यस क्षेत्रका एक जानकारको टिप्पणी छ । प्रसारण लाइनको ठेक्का प्रक्रियामा २९ करोड अमेरिकी डलर अनियमितता भएको भन्दै समितिले छानबिन गरिरहेको छ ।

मन्त्रालयले ठेक्का सम्झौता भइसकेको मोहन इनर्जी कर्पोरेशन र खरिद अनुगमन कार्यालयले ठेक्का नपाएको ज्यागुअर ओभरसिज लिमिटेडका पक्षमा सुझाव दिएका छन् । सरकारका सर्वोच्च निकाय नै ठेकेदारका पक्ष र विपक्षमा उभिएपछि समिति तथा सांसदले पनि त्यहीअनुसार धारणा बनाएर लबिङ गर्ने अवस्था देखिएको छ ।

नेपाल विद्युत प्राधिकरणले चैत २३ मा भारतीय मोहन इनर्जीसँग ठेक्का सम्झौता गरेको थियो । योभन्दा कम रकम प्रस्तावकर्ता ज्यागुअरलाई संलग्न नगराउनुमा मन्त्रालय र प्राधिकरण अधिकारीको कमजोरी रहेको ठहर छ । निर्णयको टुंगोमा पुग्नका लागि समितिले बैशाख १७ गते मन्त्रालयसँग थप विवरण र खरिद कार्यालयसँग राय मागेको थियो ।

कार्यालयले समितिलाई दिएको सुझावमा भनिएको छ– ‘सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ (४) बमोजिम बोलपत्र परीक्षण गर्ने सिलसिलामा आवश्यक जानकारी माग्न सक्ने व्यवस्था भएकोमा ज्यागुअरको तर्फबाट भारतीय रुपैयाँमा जमानत पेस गरेको भन्ने पुष्ट्याइँको अवसर उपलब्ध गराएको देखिएन ।’ भारतीय रुपैयाँ स्वतन्त्र परिवत्र्य मुद्रा हो वा होइन भन्ने विषय नेपाल राष्ट्र बैंकले नै स्पष्ट पानुपर्ने कार्यालयको धारणा छ । प्राधिकरणले यसअघि राष्ट्र बैंकसँग मागेको सुझावमा भारतीय मुद्रा परिवत्र्य होइन भनेको छ । मन्त्रालय र प्राधिकरणले यसैमा ठेकेर ठेक्का सम्झौताको प्रक्रिया टुंग्याएका थिए । कार्यालयले यस विषयमा पुनः राष्ट्र बैंकलाई सोध्नुपर्छ भन्नुले ठेकेदारको संरक्षण गरेको देखिन्छ । प्राधिकरणले परामर्शदाता लाह्मेयरलाई अधिकारभन्दा बाहिर (टिओआर) को जिम्मेवारी दिएर मूल्यांकन गर्न लगाएको कार्यालयको ठहर छ ।

प्रसारण लाइनका लागि परेका बोलपत्रको मूल्यांकन गरी उपसमिति गठन गरेर पुनर्मूल्यांकन गरेको यही आधारमा ठेक्का सम्झौता भएको मन्त्रालयले समितिलाई पठाएको विवरणमा उल्लेख छ । सम्पूर्ण प्रक्रियाबाट मोहन इनर्जीले न्यूनतम रकम प्रस्ताव गरेको पनि मन्त्रालयको धारणा छ । तर, खरिद कार्यालयले ज्यागुअरको आधार बलियो हुँदा हुँदै पूर्णताको परीक्षणबाट हटाउनु त्रुटिपूर्ण देखिएको सुझाव दिएको छ ।

प्रसारण लाइनमा उठेको विवाद र अनियमितताको विषय यसअघि अख्तियार दुरुपयोग अनुसन्धान आयोग हुँदै सर्वोच्च अदालतमा पुगेर टुंगो लागिसकेको छ । अख्तियारले अनियमितता भएकाले तत्कालीन ऊर्जा मन्त्री राधा ज्ञवाली र प्राधिकरण कार्यकारी निर्देशक मुकेशराज काफ्लेलगायत अधिकारीलाई कारबाहीको सिफारिस गरेको थियो ।

असन्तुष्ट व्यक्तिले सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । तत्कालीन प्रधानन्यायाधीश कल्याण श्रेष्ठको इजलासले ठेक्कापट्टाको विषय अख्तियारको क्षेत्राधिकारभित्र नभएको ठहर गरेको थियो । ठेकेदारका एजेन्टले अख्तियारकै भाषामा खरिद अनुगमन कार्यालयसम्म पुगेर लबिङ गरेको प्राधिकरण उच्च अधिकारीको तर्क छ । समितिले पनि जलविद्युत आयोजना, प्रसारण लाइन तथा अन्य विषयमा आर्थिक अनियमितता ठहर गर्दै छलफल सुरु गरे पनि लामो समयसम्म निर्णय नगरेर निर्माण प्रभावित पार्दै आएको छ । सोलु करिडोर पनि त्यसको उदाहरण हो ।
जलविद्युत तथा पूर्वाधार आयोजनामा ठेक्का पाउने ठेकेदारविरुद्ध नपाउनेले उजुरी दिने, विवाद सिर्जना गर्ने र आयोजना प्रभावित पारेर तुहाउनेसम्मका खेल हुने गरेका छन् । संसदीय समितिमा बेनामी उजुरी दिएर आयोजनाको काम रोक्न वा बन्द गराउने एजेन्टबाट मन्त्री तथा सांसदसमेत प्रभावित हुँदै आएका छन् ।
'सर्वोच्चले टुंगो लगाइसकेको विषय फेरि उचाल्नु आयोजना नबनाउने खेल हो,' कार्यकारी निर्देशक काफ्लेले भने। भारतीय मुद्राका विषयमा राष्ट्र बैंकले दिएको सुझाव प्रस्ट भएकाले अनुगमन कार्यालयले असम्बन्धित कुरा दोहो¥याएको उनले बताए । राजनीतिक चलेखल र सरकारी कार्यालय नै ठेकेदारका पक्षमा बाँडिएपछि सोलु करिडोरको ठेक्का रद्द हुने सम्भावना देखिएको छ ।
सोलु प्रसारण लाइन रोकिँदा उक्त करिडोरमा निर्माण भइरहेका आयोजनाको करिब २ सय १५ मेगावाट बिजुली खेर जाने अवस्था देखिएको छ । समयमा लाइन नबने प्राधिकरणले निजी क्षेत्रलाई वर्षको एक अर्ब ३८ करोड रुपैयाँ जरिवाना तिर्नुपर्छ । ८२ मेगावाटको तल्लो सोलुको विद्युत खरिद सम्झौता (पिपिए) अमेरिकी डलरमा गरिएको छ । प्राधिकरणले यसका लागि झन् बढी हर्जना तिर्नुपर्छ ।
ठेक्का मोहन इनर्जीले वा ज्यागुअरले ठेक्का पाउनेभन्दा अहिले प्रसारण लाइन नबन्ने वातावरण बन्दै गएको छ । दुवै कम्पनीका नेपाली एजेन्ट मोटो कमिसन पाउने दाउमा ठेक्का हात पार्ने राजनीतिक दलदेखि संसदीय समितिसम्म धाइरहेका छन् । निर्णय चित्त नबुझे ठेक्का रकमको पाँच प्रतिशत धरौटी राखेर खरिद अनुगमन कार्यालयमा उजुरी दिन सकिने प्रावधान छ । तर, कालोसूचीमा पर्ने र विवादित भइने डरले विपक्षी ठेकेदारले कार्यालयमा नगई संसदीय समितिमा बेनामी उजुरी दिने गरेका छन् । सोलु करिडोरमा पनि यही प्रवृत्ति दोहोरिएको छ ।
प्राविधिक मूल्यांकनमा आठ कम्पनी सहभागी भए पनि ज्यागुअर सुरुमै अयोग्य घोषित भएपछि प्राधिकरणले सात कम्पनीको मात्र प्रस्ताव मूल्यांकन गरेको थियो । सात कम्पनीले बैंक ग्यारेन्टी अमेरिकी डलरमा राखेको तर ज्यागुअरले भारतीय मुद्रामा राखेको थियो । सम्झौता भइसकेको ठेक्का रद्द गराएर हात पार्ने दाउमा ज्यागुअरका नेपाली एजेन्ट लागेको मोहन इनर्जीका एजेन्टको दाबी छ ।

नागरीक, २०७३/३/२९

# डलर पिपिए खुल्यो

*लक्ष्मण वियोगी*

नेपाल विद्युत प्राधिकरणले विदेशी लगानीमा बन्ने जलविद्युत आयोजनापिच्छे वार्ताकाआधारमा अमेरिकी डलरमा विद्युत खरिद सम्झौता (पिपिए) गर्दै आएकोमा अब यस्तो समस्या हट्ने भएको छ ।संसदको सार्वजनिक लेखा समितिले नयाँ मापदण्ड तयार गरेकाले डलर पिपिए गर्ने बाटो खुलेको हो ।

समितिले सदस्य तथा सांसद विकास लम्सालको संयोजकत्वमा ६ सदस्यीय उपसमिति गठन गरेर जलविद्युत नीति र विद्युत खरिद सम्झौता सम्बन्धी अध्ययन गरेको थियो । उपसमितिलेतयार गरेको प्रतिवेदनमा अर्थतन्त्रले धान्न सक्ने गरी वैदेशिक लगानीका आयोजनामा पिपिए गर्न सकिने उल्लेख छ ।

२५ मेगावाटसम्मका आयोजना निर्माण गर्न स्वदेशी लगानीकर्तालाई प्रोत्साहन गर्ने नीति अवलम्बन गर्नुपर्ने र त्योभन्दा बढी क्षमताका आयोजनाको हकमा विदेशी मुद्रा अर्थात डलरमा पिपिए गर्न सकिने निष्कर्ष निकालेको छ । ठूला आयोजनाको पिपिए गर्ने 'वर्किङ गाइडलाइन' बनाउन ऊर्जा मन्त्रालय, नेपाल राष्ट्र बैंक, प्राधिकरण, विद्युत विकास विभागलगायत निकाय सम्मिलित समिति ३ महिनाभित्र गठन गर्नुपर्ने पनि उपसमितिको निष्कर्ष छ । प्रतिवेदन संसदबाट पारित भएपछि यसैलाई डलर पिपिएको आधार बन्ने संयोजक लम्सालले बताए । 'विगतमा खिम्ती र भोटेकोसीमा हचुवामा पिपिए भएको देखियो, जसका कारण राज्यले अर्बौं रुपैयाँ नोक्सानी बेहोर्नुप¥यो,' उनले मंगलबार नागरिकसँग भने, 'अब यही प्रतिवेदन कानुनमा परिमार्जन गरी काम गर्न उचित देखिन्छ ।'समितिका सभापति जनार्दन शर्माले भने उपसमितिले तयार गरेको प्रतिवेदनमाथि थप छलफल गरेर संसदमा पेश गरिने जानकारी दिए ।

विदेशी लगानीका आयोजनामा परिवत्र्य मुद्रामा पिपिए गर्नुअघि विनिमय दरमा हुने परिवर्तनले विदेशी मुद्रातर्फको दीर्घकालनि दायित्व बढ्नेतर्फ ध्यान दिनुपर्ने उल्लेख छ । २०६८ सम्म डलरमा भुक्तानी गर्ने सम्झौता गरिएका आयोजनाको विद्युत खरिद मूल्य २०७२ फागुनसम्म ३३.७ प्रतिशतले बढेकाले यो पक्ष ध्यानमा राखेर भविष्यमा काम गर्नुपर्ने पनि प्रतिवेदनमा छ ।

सरकारले २०७२ फागुन ७ मा 'ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक' घोषणा गरी विदेशी लगानीका आयोजनाको हकमा १० वर्ष वा लगानी फिर्ता नहुँदासम्म डलरमा पिपिए गर्ने निर्णय गरेको छ । पिपिए गर्दा यो मापदण्डलाई समेत आधार मान्नुपर्ने उपसमितिको निष्कर्ष छ । प्राधिकरणले स्वदेशी निजी क्षेत्रले निर्माण गर्ने २५ मेगावाटसम्मका आयोजनाको पिपिए गर्दा पोस्टेट दर (बर्खामा ४.८० र हिउँदमा ८.४० प्रतियुनिट) मा गर्ने निर्णय गरिसकेको छ ।

विदेशी लगानीका आयोजनामा अहिलेसम्म डलरमा पिपिए गर्ने वा नगर्ने भन्ने विवाद चल्दै आएको छ । यही कारण आधा दर्जन आयोजना निर्माणमा जान सकेका छैनन् । कार्ययोजनाले मापदण्ड तय गरेपछि विदेशी लगानीकर्तानेपालमा आउन सक्ने लम्सालको तर्क छ । ठूला जलाशय आयोजना निर्माण गर्न विदेशी लगानीसमेत आवश्यक पर्ने हुँदा ऊर्जा संकट निवारणमा पनि यसलाई प्राथमिकता दिइएको छ ।

नेपाली मुद्रा कमजोर हुँदा वा डलरमा भुक्तानी दिँदा हुने जोखिम नेपाल विद्युत प्राधिकरण र लगानीकर्ता वा आयोजना प्रवद्र्धकले समानरुपले बेहोर्नुपर्ने ऊर्जा संकट निवारण कार्ययोजनामा समेटिएको छ । उपसमितिको

प्रतिवेदनमा २५ मेगावाटमाथिका विदेशी लगानीका आयोजनामा प्रतियुनिट कतिमा पिपिए गर्ने र वार्षिक वृद्धिदर कति राख्ने भन्ने उल्लेख छैन ।

प्राधिकरणले २५ मेगावाटसम्मका स्वदेशी लगानीका आयोजनामा पोस्टेट दर दिएर ५ पटकसम्म वार्षिक ३ प्रतिशत वृद्धिदर तोकेको छ । यस्तै, २५ देखि १ सय मेगावाटसम्म सोही दर र प्रतिशतमा ८ पटकसम्म वृद्धिदर तोकेको छ । डलरमा पिपिए गर्दा समितिले यी सबै पक्ष स्पष्ट पार्नुपर्नेमा प्राधिकरण र मन्त्रालयलाई पन्छाएको छ ।

प्राधिकरणले २०५२ माघमा ६० मेगावाटको खिम्तीसँग प्रतियुनिट ५.९५ सेन्टमा पिपिए गरेको थियो । त्यसयता ६ आयोजनासँग डलरमा विद्युत किन्ने सम्झौता भएको छ । ती हरेकसँग सम्झौता गर्दा आयोजनापिच्छे वार्ताका आधारमा दर तोकिएको थियो ।यसरी पिपिए हुँदा ऊर्जा मन्त्री, प्राधिकरणका कार्यकारी निर्देशक तथा उच्च अधिकारीको मिलेमतोमा हुँदै आएको छ । यस्तो मिलेमतोलाई निरुत्साहित गर्नकै लागि मापदण्ड तय गरिएको समितिको ठहर छ ।

मन्त्रालयले लामो समयदेखि यससम्बन्धी मापदण्ड तथा कानुन बनाउने भने पनि अहिलेसम्म पूरा गरेको छैन । पटक–पटक फेरिने मन्त्री, सचिव र अन्य अधिकारीका कारण पनि मन्त्रालयले डलर पिपिएको स्पष्ट आधार तयार गर्न सकेको छैन । उपसमितिले तय गरेको प्रतिवेदनलाई नै मन्त्रालयले ‘फलो’ गर्नुपर्ने सांसद लम्लासको भनाइ छ ।

प्राधिकरणले खिम्तीको पिपिए गर्दा ९७ प्रतिशत डलर ३ प्रतिशतमात्र नेपाली रुपैयाँमा भुक्तानी गर्ने व्यवस्था गरेको थियो । तर, भोटेकोसीमा भने शतप्रतिशत नै डलरमा भुक्तानी गर्ने गरी सम्झौता भएको थियो । यस्तै, माथिल्लो मस्र्याङ्दीमा खिम्तीकै दर र आधार अपनाइएको छ । यस्तै, काबेलीमा ६० प्रतिशत डलर र ४० प्रतिशत नेपाली रुपैयाँ छ भने तल्लो सोलुमा केही सुधार गरेर ५५ प्रतिशत डलर र ४५ प्रतिशत नेपाली रुपैयाँमा भुक्तानी दिने सम्झौता छ ।

प्राधिकरणले लिखु–४ र बेलफीसँग भने फल ब्याक पिपिए गरेको थियो । ढल्केबर–मुजफ्फरपुर ४ सय केभी अन्तरदेशीय प्रसारण लाइन वा माथिल्लो तामाकोसी जलविद्युत आयोजना जुन अघि सम्पन्न हुन्छ सोही मितिसम्ममात्र पिपिए गरिएको थियो । यी दुवै आयोजनाको पिपिए म्याद सकिए पनि प्राधिकरणलेगत साता यसलाई दीर्घकालीन बनाउने निर्णय गरेको छ ।

कारोबार, २०७३/३/२९

# सडक मर्मत नहुँदा त्रिशूली थ्री ‘ए’मा अन्योल

*रामहरि न्यौपाने*

निर्माणको अन्तिम चरणमा भूकम्पले क्षति पु¥याएपछि रोकिएको माथिल्लो त्रिशूली थ्री ‘ए’ जलविद्युत आयोजनाको भविश्य अन्योलमा परेको छ । आयोजनास्थलसम्म पुग्ने सडक मर्मत नहुँदा ६० मेगावाटको त्रिशुली ए तत्काल पूरा नहुने देखिएको छ ।

पटकपटक थप गरिएको म्याद अनुसार माथिल्लो त्रिशूली थ्री ए ले सन् २०१६ जुन ३० मा विद्युत उत्पादन सुरु गर्नुपर्ने सम्झौता भए पनि अब यो लक्ष्य पूरा नहुने निश्चित देखिएको छ । विद्युत उत्पादनगृह सिम्लेबाट बाँधस्थलसम्म पुग्ने पाँच किलोमिटर सडकमार्ग सुचारु नहुँदा १० अर्ब रुपैयाँ भन्दा बढी लगानी भएको आयोजनाको भविष्य जोखिममा परेको छ ।

पहुँचमार्ग अवरोधसँगै ड्यामको दायाँतर्फको पहिरो र सुरुङमार्गको प्रवेश बिन्दुमा आएको (अहिले पनि बगिरहेको) पहिरोले आयोजना निर्माणमा अबरोध सिर्जना गरिरहेको छ । आयोजनाको निर्माण सुचारु गर्न पहिले सडकमार्ग सञ्चालन हुनुपर्ने ठेकेदार चाइना गेजुवा ग्रुप अफ कम्पनीज (सीजीजीसी)को माग पूरा भएको छैन भने भूकम्पले आयोजनामा पु¥याएको क्षतिको समेत यकिन मुल्यांकन भएको छैन । मुल्यांकनको लागी प्राविधिकहरु जेठको पहिलो साता परिचालन भए पनि प्रतिवेदन आइनसकेको आयोजना प्रमुख फणिन्द्रराज जोशीले बताए ।

“आयोजनाको भित्री क्षेत्र (टनेल)मा क्षति नपुगेको बाहिरबाट हेर्दा देखिन्छ,” जोशीले भने “कुन संचरनामा कती क्षति पुगेको अध्ययनको लागी अहिले प्राविधिकहरु परिचालन भइरहेका छन् ।”

सुरुङभित्रै पूरै संरचना निर्माण गरी नुवाकोटको मनकामनास्थित फालेटारमा बाँध बाधेर सिम्लेमा विद्युतगृह निर्माण गर्ने योजना छ । असार १६ गते विद्युत उत्पादन गर्नुपर्ने आयोजनाले भौतिक निर्माण ८१ प्रतिशत, ईलेक्ट्रो–मेकानिकल १४ प्रतिशत र हाइड्रो–मेकानिकल ४५ प्रशितशत गरी आयोजनाको ६५ प्रतिशत काम पूरा गरेको थियो । सन् २०११ को जुन १ बाट काम सुरु भएको आयोजना २०१४ को मे महिना र पछि २६ महिना म्याद थप गरी सन् २०१६ जुन ३० मा विद्युत उत्पादन गर्न चीनको सिजिजिसीले आठ करोड ९१ लाख अमेरिकी डलरमा निर्माण सुरु गरेको थियो ।

मुख्य चुनौती पहुँच मार्ग

भूकम्पको क्षतिपछि ठेकेदार पक्ष काममा फर्कन मानिरहेको छैन । उसले आयोजनाको पहुँचमार्गदेखि ड्यामसम्म पुग्ने करिब पाँच किलोमिटर सडकमा हेभी इक्युपमेन्ट सञ्चालन हुने सडक निर्माण हुनुपर्ने माग गर्दै आएको छ । सडक सञ्चालनसँगै ड्यामको रसुवातर्फ गएको पहिरो र नटेलेका प्रवेशद्वारमा माथि गएको पहिरो आयोजना निर्माण सम्झौता भन्दा बाहिरको अबरोध भएकाले त्यसलाइ हटाउन माग गर्दै ठेकेदारले काममा फर्कन चासो नदिएको आयोजना प्रमुख जोशीले बताए ।

**थ्री बी र त्रिशूली गंगा पनि जोखिममा**

माथिल्लो त्रिशूली थ्री ‘ए’ आयेजना निर्माण गरी त्यसबाट निकास हुने पानीलाई बाँध बाधेर ३७ मेगावाट क्षमताको माथिल्लो त्रिशूली थ्री ‘बी’ र ६५ मेगवाट क्षमताको मध्यत्रिशूली गंगा जलविद्युत आयोजना निर्माण गर्न लागिएको छ । थ्री ए आयोजना निर्माण नभएमा थ्री बी र त्रिशूली गंगा आयोजना बनाउन बाँध नै बाध्न नमिल्ने भएकाले यीनको समेत भविष्य जोखिममा पारेको छ । थ्री ए निर्माण अघि नबढे पनि थ्री बी र त्रिशूली गंगाले आयोजना

निर्माण द्रुत गतिमा अघि बढाइहेका छन् । श्री बी ले टनेल निर्माणको लागी पहुँच टनेल (पानी ल्याउने सुरुङ निर्माण गर्न भित्र पुग्न जाने बाटो) र कर्मचारी आवास कोलोनी निर्माण गरिरहेको छ । कोलोनीको निर्माण अन्तिम चरणमा पुगेको छ भने पहुँच टनेल तीन सय मिटर खनिसकेको आयोजनाले जनाएको छ ।

**अतिरिक्त लगानीको अन्योल**

भूकम्पले माथिल्लो त्रिशुली श्री ए आयोजनाको चार हजार ७६ मिटर लम्बाईको सुरुङ, निर्माण सामाग्रि, आयोजना निर्माणमा प्रयोग भएका सवारी साधनमा पुगेको क्षतिको समेत मुल्याङ्कन नहुदा अब आयोजना निर्माण गर्न लाग्ने अतिरिक्त रकम अन्योल छ । निर्माणको लागी ऋण उपलब्ध गराएको चिनियाँ एक्जिम बैंकसँगको सम्झौता अनुसार समयमै काम नहुँदा लगानी सहयोगलाई निरन्तरता दिन समेत चुनौती छ । अहिलेकै अबस्थामा अब बैंकसँगको नयाँ सम्झौता समेत आवश्यक रहेको आयोजना प्रमुख जोशीले बताए । आयोजना निर्माण गर्न ६४० मिलियन चिनियाँ यूआन बराबरको सम्भौता भएपनि अब म्याद थप सम्झौतामा रकम समेत बढाउनु पर्ने उनले बताए ।

**ईपीसी मोडल असफल**

मुलुकमै पहिलोपटक माथिल्लो त्रिशूली श्री ए आयोजना इञ्जिनियरिङ, प्रोक्युरमेण्ट एण्ड कन्ष्ट्रक्शन (ईपीसी) मोडलमा निर्माण सुरु गरिएपनि असफल भएको छ । ईपीसी अनुसार ठेकेदारले तोकिएको समयभित्र काम पूरा नभएमा क्षतिपूर्ति तिर्नुपर्ने प्रावधान भएपनि त्यो असफल भएको छ । श्री ए को सम्झौता अनुसार सन् २०१६ जुन ३० मा विद्युत उत्पादन गर्नुपर्नेमा पहिलो पटक २६ महिना म्याद थपियो । ‘स्थानीयले अबरोध पु¥याएको’कारण देखाउँदै पहिलोपटक म्याद थपिए पनि अब भूकम्पको कारण म्याद थप हुने भएकाले ईपीसी मोडल असफल भएको सरोकारवालाहरु बताउँछन् ।

अन्नपुर्ण पोष्ट, २०७३/३/२९

# कहिले आउँछ रेमिट हाइड्रो

*नवराज ढकाल*

सरकारले गत वर्षको बजेटमा घोषणा गरेको रेमिट हाइड्रो कम्पनी अहिलेसम्म स्थापना हुन सकेको छैन । वैदेशिक रोजगारीमा गएकाहरूको प्रमुख लगानीमा रेमिट हाइड्रो सञ्चालन गर्ने अवधारणा अघि सारिएको हो । रेमिट हाइड्रो कम्पनी खोल्ने र सोही कम्पनीमार्फत हाइड्रोपावरका परियोजना छनोट गरी लगानी गर्ने रणनीति छ ।

हाइड्रोपावर परियोजना सञ्चालन गर्न सरकारले कम्पनीलाई लाइसेन्स दिनुपर्ने हुन्छ । अहिलेसम्म रेमिट हाइड्रोले लाइसेन्स पाउन सकेको छैन । जलविद्युत् लगानी तथा विकास कम्पनीमार्फत रेमिट हाइड्रो सञ्चालन गर्न लागिएको हो ।

जलविद्युत् लगानी तथा विकास कम्पनीले रेमिट हाइड्रमार्फत जलविद्युत् आयोजना सञ्चालन गर्न दुईवटा परियोजनासमेत छनोट गरिसकेको छ । कम्पनीले ताप्लेजुङस्थित धुन्सा र सिम्बुवा खोला गरी दुईवटा परियोजना छनोट गरेको हो । यी दुई आयोजनाबाट कुल एक सय २४ मेगावट बिजुली निकाल्ने निधो भइसकेको छ ।

रेमिटेन्सलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न हाइड्रोपावर परियोजना सञ्चालनको अवधारणा अघिसारिएको हो । हाल मुलुक भित्रिने कुल रेमिटेन्समध्ये झन्डै ९० प्रतिशत अनुत्पादक क्षेत्रमा खर्च भइरहेको अवस्था छ । बर्र्सेनि ठूलो मात्रामा रेमिटेन्स भित्रिने भए पनि उपभोगमा खर्च हुने गरेको छ । रेमिटेन्सबाट आएको पैसा घरजग्गा खरिद गर्नमा पनि खर्च हुन्छ ।

उत्पादनमूलक क्षेत्रमा लगानी नहुँदा लामो समय विदेशमा रगतपसिना बगाएको पैसा उपभोग गरेरै सिध्याउने प्रवृत्ति बढेको छ । यसलाई न्यूनीकरण गर्न रेमिट हाइड्रोको अवधारण आएको हो ।

जलविद्युत् लगानी तथा विकास कम्पनीका प्रमुख कार्यकारी अधिकृत दीपक रौनियारले रेमिट हाइड्रो सञ्चालनका लागि लाइसेन्स लिने काम अन्तिम चरणमा पुगेको बताए । 'ऊर्जा मन्त्रालयले लाइसेन्स दिन गृहकार्य गरिरहेको छ । लाइसेन्स पाउने बित्तिकै प्रक्रिया अघि बढिहाल्छ', उनले भने ।

हाइड्रोपावर परियोजना सञ्चालन गर्न सरकारले कम्पनीलाई लाइसेन्स दिनुपर्ने हुन्छ । अहिलेसम्म रेमिट हाइड्रोले लाइसेन्स पाउन सकेको छैन

सरकारी अनुमति लिएर वैदेशिक रोजगारीमा गएका सबै नेपालीले रेमिट हाइड्रोमा लगानी गर्न पाउनेछन् । 'रेमिटेन्स पठाउने व्यक्तिलाई संस्थापक सेयरमा लगानी गर्न दिने रणनीति हो', प्रमुख रौनियारले भने । सरकारले विश्वका एक सय १० वटा मुलुकमा कामदार पठाउन खुला गरेको छ । सबै मुलुकमा गएकाले यो रेमिट हाइड्रो कम्पनीमार्फत सञ्चालन हुने परियोजनामा लगानी गर्न पाउनेछन् ।

रेमिट हाइड्रमार्फत सञ्चालित जलविद्युत् परियोजनाले जारी गर्ने आईपीओमा भने सबै नेपालीले भाग लिन पाउनेछन् । आईपीओमा सबैलाई लगानी खुला हुन्छ । अन्य परियोजनामा जस्तै आयोजना प्रभावित स्थानीय बासिन्दालाई १० प्रतिशत सेयर दिइनेछ । हाल वैध तरिकाले वैदेशिक रोजगारीमा जानेको संख्या ४० लाख हाराहारीमा छ । वार्षिक ६ खर्ब रुपैयाँभन्दा बढी रेमिटेन्स भित्रिन्छ । अर्थतन्त्रमा रेमिटेन्सको योगदान ३० प्रतिशत पुगिसकेको छ ।

कोरिया गएका कामदार रेमिट हाइड्रोमार्फत लगानी बढी उत्साही

इपीएसमार्फत काम गर्न दक्षिण कोरियामा गएकाहरू नेपालको जलविद्युत् परियोजामा लगानी गर्न निकै उत्साहित देखिएका छन् । ईपीएस शाखालाई हाइड्रोपावरमा लगानीका लागि व्यवस्थापनको भूमिका निर्वाह गर्नसमेत त्यहाँ कामदारले बारम्बार अनुरोध गर्दै आएका छन् ।
ईपीएस कोरिया शाखाका प्रमुख डिल्ली बास्तोलाले कोरिया गएका कामदार हाइड्रोपावरमा सामूहिकरूपमा लगानी गर्न निकै हौसिएका बताए । निश्चित परियोजना छनोट गरी त्यसमा लाग्ने कुल पुँजीमध्ये २६ प्रतिशत ईपीएस कामदारको लगानी हुने गरी काम अघि बढाउने खोजिएको बताए । 'अहिलेसम्म रेमिट हाइड्राले अनुमति नपाउँदा लगानी हुन सकेको छैन', उनले भने ।
कोरिया गएका कामदारले सामूहिकरूपमा एक अर्ब रुपैयाँसम्म लगानी गर्ने प्रतिबद्धता जनाएका छन् । हाल कोरियामा मात्रै ३१ हजार नेपालीले काम गरिरहेका छन् । त्यहाँ गएका कामदारको कमाई मासिक न्यूनतम एक लाख १२ हजारभन्दा माथि छ । अनुभवीले मासिक साढे दुई लाखसम्म कमाइ गर्न सक्छन् ।

नयाँ पत्रिका, २०७३/३/२९

# कृषि र जलविद्युत्मा २५ प्रतिशत कर्जा

**सरकारले बैंक तथा वित्तीय संस्थालाई निर्देशित कर्जाको सीमा बढाउँदै आगामी १० वर्षमा यी दुई क्षेत्रमा मात्रै २५ प्रतिशत पुर्‍याउनुपर्ने व्यवस्था गर्न लागेको छ**

*सविन मिश्र*

अबको १० वर्षमा बैंक तथा वित्तीय संस्थाले आफ्नो कर्जाको २५ प्रतिशत रकम कृषि तथा जलविद्युत्मा लगानी गर्नुपर्ने भएको छ । अहिले कृषि र जलविद्युत्मा गरी १२ प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । बैंक तथा वित्तीय संस्थाले एक दशकमा आफ्नो लगानी दोब्बरभन्दा धेरैले बढाउनुपर्ने भएको हो ।

विद्यमान व्यवस्थाअनुसार बैंक तथा वित्तीय संस्थाले यी दुई क्षेत्रसहित उत्पादनमूलक क्षेत्रमा २० प्रतिशत लगानी गर्नुपर्ने व्यवस्था छ । चालू आर्थिक वर्ष ०७२/०७३ को १० महिनाको तथ्यांकअनुसार उत्पादनशील क्षेत्रमा कुल कर्जाको १५ प्रतिशत लगानी भएको छ । राष्ट्र बैंकको वर्गीकरणअनुसार उत्पादनशील क्षेत्रअन्तर्गत कृषि, पर्यटन, जलविद्युत्, घरेलु उद्योग, जुट सनपाट उद्योगलगायत रहेका छन् ।

**कृषिमा ५ वर्षमै १० प्रतिशत पुर्‍याउनुपर्ने**

वित्तीय संस्थाले ५ वर्षभित्रमा आफ्नो लगानीको १० प्रतिशत कषि क्षेत्रमा गर्नुेपर्ने भएको छ । अहिले विपन्न वर्गका लागि ५ प्रतिशत अनिवार्य लगानी गर्नुपर्ने व्यवस्था छ ।

सरकारले तयार गरेको 'वित्तीय क्षेत्र विकास रणनीति २०७३' अनुसार अबको ५ वर्ष भित्रमा कृषि क्षेत्रमा बैंकहरूले कर्जाको १० प्रतिशत लगानी गर्नुपर्छ । 'सन् २०१३ मा कुल गार्हस्थ उत्पादनको ५८.६ प्रतिशत रहेको निजी क्षेत्रतर्फको प्रवाहित कर्जा तथा ४.३ प्रतिशत रहेको कृषि क्षेत्रमा प्रवाहित कर्जाको अनुपात २०२० सम्ममा क्रमश: ७० र १० प्रतिशत पुगेको हुनेछ,' रणनीतिमा भनिएको छ ।

**जलविद्युत्मा १० वर्षमा १५ प्रतिशत**

सरकारले अबको एक दशकमा कुल कर्जाको १५ प्रतिशत रकम जलविद्युत् क्षेत्रमा लगानी गर्नुपर्ने व्यवस्था यसअघि नै गरेको छ । गत फागुनमा सार्वजनिक भएको ऊर्जा संकट निवारण तथा विद्युत् विकास दशकसम्बन्धी अवधारणापत्र र कार्ययोजनामा एक दशकसम्म बैंकहरूले लगानी गर्ने कुल कर्जाको १५ प्रतिशत रकम विद्युत् आयोजनामा लगानी गर्न सकिने व्यवस्था मिलाउने उल्लेख छ ।

नेपाल राष्ट्र बैंकका अनुसार जेठ मसान्तसम्ममा बैंकहरूले १६ खर्ब निक्षेप संकलन गरी १३ खर्ब कर्जा परिचालन गरेका छन् । बैंकहरूले अहिले औसत ६ प्रतिशत ब्याजदरमा कृषि कर्जा परिचालन गरिरहेका छन् । राष्ट्र बैंकका अनुसार गत चैत मसान्तसम्ममा २३ सय २३ किसानले १ अर्ब ९६ करोड रुपैयाँ कर्जा यही सुविधाअन्तर्गत लिएका छन् ।

**उत्पादन बढाउन उत्पादनशील क्षेत्रमा कर्जा**

बैंक तथा वित्तीय संस्थाहरूले गरेको लगानी उपभोग क्षेत्रमा केन्द्रित भइरहेको अवस्थामा उत्पादन क्षेत्रमा बढाउनुपर्छ भन्ने मान्यताले यस्तो व्यवस्था गरिएको हो । यो व्यवस्थाले उत्पादन बढाएर मागअनुसार आपूर्ति गर्न सकिन्छ भन्ने मान्यता थियो । यसले मुद्रास्फीति काबुभित्रै राख्न मद्दत गर्छ । वित्तीय क्षेत्रको वृद्धिभन्दा वास्तविक क्षेत्रको वृद्धि कमजोर रहेको अवस्थामा त्यो अन्तर कम गर्न सकिन्छ भन्ने मान्यता पनि थियो ।

**यस्तो छ कृषि उत्पादन बढाउने सरकारी लक्ष्य**

कृषि विकास मन्त्रालयले व्यावसायिक कृषिमा लगानी गरी उत्पादन बढाउने लक्ष्यका साथ कार्यक्रम अघि बढाइरहेको छ । मन्त्रालयले ०७४/७५ सम्मका लागि सार्वजनिक गरेको लक्ष्य :

मन्त्रालयले गत आर्थिक वर्ष ०७१/७२ मा १४ अर्ब रुपैयाँको चामल आयात भएको तथ्यांक देखाउँदै चालू आवमा ६ अर्बमा झार्ने लक्ष्य लिएको थियो । तर, यो लक्ष्य पूरा नहुने भएको छ । किनकि चालू आवको ९ महिनामा १६ अर्ब १८ करोड रुपैयाँको चामल आयात भएको व्यापार तथा निकासी प्रवद्र्धन केन्द्रले जनाएको छ । गत आवमा १ लाख ४२ हजार हेक्टरमा धान खेती भएकोमा चालू आवमा बढाएर १ लाख ४४ हजार हेक्टरमा पुर्‍याउने र प्रतिहेक्टर उत्पादन क्षमता ३.१७ टनबाट बढाएर ३.४३ टनमा पुर्‍याउने लक्ष्य मन्त्रालयको थियो । यसरी उत्पादन बढाएर आव २०७४/७५ मा धान उत्पादनमा आत्मनिर्भर भई चामल आयात प्रतिस्थापन गर्ने सरकारी लक्ष्य छ । मन्त्रालयल आव ०७४/७५ मा ३ अर्ब रुपैयाँको चालम निर्यात गर्ने महत्त्वाकांक्षी योजनासमेत ल्याएको छ ।

गत आव ०७१/७२ मा ५ अर्ब रुपैयाँको मकै आयात भएकोमा चालू आव ०७२/७३ मा २ अर्ब ५० करोडको मात्रै मकै आयात गर्ने गरी उत्पादन बढाउने मन्त्रालयको लक्ष्य थियो । तर, चालू आवको ९ महिनासम्म ६ अर्ब ९ करोडको मकै आयात भएको छ । हाल ८ लाख ४९ हजार हेक्टरमा मकै खेती भएकोमा यो वर्ष बढाएर ८ लाख ५५ हजार हेक्टरमा मकै खेती गर्ने र २.३५ टनका उत्पादकत्वलाई बढाएर २.४ टन पुर्‍याउने सरकारको लक्ष्य छ । आव ०७४/७५ मा मकै आयात १ अर्बमा झार्ने र त्यसपछि आत्मनिर्भर उन्मुख हुने लक्ष्य राखिएको छ ।

गत आव ०७१/७२ मा ४ अर्बको दाल आयात भएकोमा चालू आवमा आयात ३ अर्ब ४१ करोडमा झार्ने मन्त्रालयको लक्ष्य छ । तर, चालू आवको ९ महिनामा ७ अर्बको दाल आयात भएको छ । ३ लाख ३३ हजार हेक्टरमा दाल खेती भइरहेकोमा यो वर्ष बढाएर ३ लाख ३५ हजार हेक्टर पुर्‍याउने र प्रतिहेक्टर उत्पादन १.०७ टन रहेकोमा बढाएर १.१ टन पुर्‍याउने लक्ष्य छ । आव ०७४/७५ मा आयात १ अर्ब ३९ करोड रुपैयाँमा झार्ने र क्रमश: आत्मनिर्भर हुने लक्ष्य छ ।

गत आव ०७१/७२ मामा ४७ करोड ३३ लाखको माछा आयात भएकोमा चालू आवमा आयात झारेर १२ करोड १८ लाख रुपैयाँमा कायम गर्ने सरकारको लक्ष्य थियो । तर, चालू आवको ९ महिनामा ५३ करोड ६४ लाख रुपैयाँको आयात भइसकेको छ । गत वर्ष ८ हजार २० हेक्टरमा माछा पालन भएकोमा यो वर्ष ९ हजार २ सय २० हेक्टरसम्म विस्तार गर्ने, आव ०७३/७४ मा ९ हजार ७ सय २० हेक्टरमा र आव ०७४/७५ मा १० हजार २ सय २० हेक्टरमा पुर्‍याउने लक्ष्य छ ।

गत आवमा १६ लाख ७६ हजार लिटर दूध उत्पादन भएकोमा चालू आवमा १७ लाख ४९ हजार लिटर दूध उत्पादन गर्ने र आव ०७३/७४ मा १८ लाख २६ हजार तथा आव ०७४/७५ मा १९ लाख २३ हजार लिटर उत्पादन गर्ने लक्ष्य छ ।

गत आवमा दुधालु गाई, भैँसीको संख्या २३ लाख ९५ हजार रहेकोमा चालू आवमा २३ लाख ९६ हजार, आव ०७३/७४ मा २४ लाख २ हजार र आव ०७४/७५ मा २४ लाख ४ हजार दुधालु गाई, भैँसीको विकास गर्ने लक्ष्य राखिएको छ ।

गोरखापत्र, २०७३/३/३०

# माथिल्लो मस्र्याङ्दी–‘ए’ ले दुई महिनामा उत्पादन गर्ने

नवीनराज कुइँकेल, भुलभुले (लमजुङ), असार ३० गते । यहाँ निर्माणाधीन ५० मेगावाट क्षमताको माथिल्लो मस्र्याङ्दी–ए, जलविद्युत आयोजनाबाट दुई महिनाभित्र विद्युत उत्पादन गर्ने तयारी गरिएको छ ।

आगामी अगष्ट ३० मा विद्युत उत्पादन थाल्ने लक्ष्यका साथ आयोजनाले निर्माण कार्यलाई तिब्रता दिएको छ । मुलुकमा अहिलेसम्म निर्माण गरिएका अन्य जलविद्युत् आयोजनाहरु भन्दा निकै तीव्र गतिमा निर्माण भएको यो आयोजना नाकाबन्दी र भूकम्पको अल्झन झेल्दै तोकिएकै समयमा काम सक्न लागेको हो ।

आयोजनाबाट यसअघि नै विद्युत उत्पादन थाल्ने लक्ष्य थियो । तर बैशाख १२ को भूकम्प र भारतीय नाकाबन्दीले आयोजनालाई पाँच महिना पछि धकेलिदिएको आयोजनाका जनसम्पर्क अधिकृत कर्ण अधिकारीले बताउनुभयो । भूकम्पका कारण निर्माणमा समस्या भएको भन्दै निर्माण कम्पनी सिनो हाइड्रो रिसोर्सेसले प्रवद्र्धक कम्पनी सिनो हाइड्रो–सगरमाथा पावर कम्पनीसँग पाँच महिनाको थप समय माग गरेको थियो ।

‘भूकम्प र त्यसपछिको नाकाबन्दीका कारण निर्माणमा निकै समस्या भयो,’ निर्माण कम्पनी सिनो हाइड्रो सगरमाथका कम्पनीका जनसम्पर्क अधिकृत कर्ण अधिकारीले भन्नुभयो, ‘अब अगष्ट ३० सम्म एउटा टर्वाइन चलाउने गरि तयारी गरेका छौं ।’

चीनको बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रो सगरमाथा पावर कम्पनीले सुरुङ, विद्युतगृह, बाँध क्षेत्र र प्रसारण लाइनको कामलाई तीब्र रुपमा अघि बढाएको छ । प्रवद्र्धक कम्पनी सिनोले अहिलेसम्म बाँधको सिभिलतर्फको काममा ९८ प्रतिशत काम सम्पन्न गरिसकेको छ । यस्तै सुरुङको ९६ प्रतिशत, विद्युत गृहको सिभिलतर्फ ९५ प्रतिशत, मेकानिकलतर्फ ८५ प्रतिशत र इलेक्ट्रामेकानिकलतर्फ ६० प्रतिशत निर्माणको कार्य सम्पन्न गरिसकेको छ । आयोजनामा चिनियाँ बहुराष्ट्रिय कम्पनी सिनो हाइड्रोको ९० र नेपाली सगरमाथा पावर कम्पनीको १० प्रतिशत लगानी छ. । प्रवद्र्धक सिनो हाइड्रो–सगरमाथा पावर कम्पनीका जनसम्पर्क अधिकृत अधिकारीले आयोजनाको ८५ प्रतिशत काम सकिएको बताउनुभयो ।

प्रवद्र्धक कम्पनीले २०७३ असोजदेखि व्यापारिक रूपमा विद्युत उत्पादन गर्ने लक्ष्य लिएर नेपाल विद्युत प्राधिरणसँग २०५२ सालमै विद्युत खरिद बिक्री सम्झौता (पीपीए) गरेको थियो । निर्माण कम्पनी र आयोजनाले आन्तरिक रूपमा सन् २०१५ भित्रमा काम सकेर २०१६ को जनवरीदेखि विद्युत उत्पादन गर्ने योजना बनाएको थियो । रन अफ रिभर प्रविधिमा निर्माणाधीन यो आयोजना निर्माणकालागि करिब १२ अर्ब रुपियाँ लाग्ने कम्पनीले जनाएको छ. । भूकम्प र नाकाबन्दीले थप एक अर्ब बढी लाग्न सक्ने आयोजना स्रोतले बताएको छ ।

निर्माण कम्पनीले आयोजनाको सिभिल संरचना सकिन लागेपछि कामदारको संख्या पनि घटाउँदै गएको छ । आयोजनाको सबै निर्माणकार्य एकैपटक तीव्र गतिमा हुँदा आयोजनामा १३ सय जनाले काम गर्थे । अहिले करिब ६ सय जनाले काम गरिरहेकाछन् । माथिल्लो मस्र्याङ्दी ‘ए’ का जनसम्पर्क अधिकृत अर्जुन गुरुङका अनुसार हाल ८० जना चिनियाँ कामदारलेसमेत काम गरिरहेका छन ।

पहिले २ सय ५० जना चिनियाँ कामदार थिए । आयोजनामा २५÷२५ मेगावाटका दुई वटा टर्बाइन रहने छन् । भुलभुले–५ डादीमा बाँध बनाएर भुलभुले–३ को मस्र्याङ्दी तटमा निर्माण गरिएको विद्युत गृहबाट विद्युत निकालिने छ । यसका लागि ६ दशमलव ५ किलोमिटरको सुरुङ निर्माण गरिएको छ ।

राजधानी दैनिक, २०७३/३/३०

# नलसिंहगाड आयोजना कम्पनीमा लिने निर्णयको विरोध

*राजेन्द्र कार्की*

राष्ट्रिय गौरवको नलसिंहगाड जलविद्युत् आयोजनालाई कम्पनीमा लिने सरकारी निर्णय आयोजना निर्माणका लागि घातक हुन सक्ने भन्दै जाजरकोटवासीले चिन्ता व्यक्त गरेका छन् । सरकारले बजेटमार्फत आयोजनालाई कम्पनी मोडालिटीबाट निर्माण गर्ने घोषणासँगै आयोजना अपपत्र पर्नेमा स्थानीयले चिन्ता गरेका हुन् ।

४ सय १० मेगावाटको देशकै ठूलो मध्येको एक यस आयोजनालाई कम्पनीमार्फत निर्माण गर्ने सरकारी निर्णयले जलमाफियालाई थप बल पुगेको स्थानीयको भनाइ छ । जाजरकोटको खगेनकोट दल्लीमा निर्माण हुन लागेको नलसिंहगाड आयोजनालाई अर्थमन्त्री विष्णु पौडेलले बजेट वक्तव्यमार्फत कम्पनी मोडालिटीमा लैजाने घोषणा गरेका थिए । मन्त्री पौडेलको सो घोषणापछि जाजरकोटवासी चिढिएका छन् । बूढीगण्डकी जलविद्युत् आयोजनालाई सरकारी लगानीमा निर्माण गर्ने तर नलसिंहगाडलाई कम्पनी मोडेलमा निर्माण गर्ने निर्णयप्रति आपत्ती भएको नलगाड सरोकार समितिका अध्यक्ष गणेश प्रसाद सिंहले बताए । ५१ प्रतिशत सरकारी र ४९ प्रतिशत निजी लगानीले निर्माण गर्ने भन्ने नै यस आयोजनालाई अलपत्र पार्ने उद्देश्य भएको अध्यक्ष सिंहले बताए । देशकै ऊर्जा संकट टार्न सहयोगी बन्ने नलसिंहगाड जलविद्युत् निर्माण कम प्राथमिकतामा परेको सिंहले बताए । आयोजनामा जलमाफियाको चलखेल हुन थालेको उनले बताए । सरकारले जलमाफियाको निर्देशनमा नलसिंहगाडलाई कम्पनी मोडालिटीमा लिने निर्णय गरिएको दाबी गर्दै गलत भएको सिंहको भनाइ छ ।

विस्तृत परियोजना प्रतिवेदन (डीपीआर) बन्न सुरु भएको यस आयोजनाको सरकारी लगानीमा निर्माण नहुने भएपछि सरोकारवाला चिन्तित बनेका छन् । निजी लगानीमा बन्ने भनेकै आयोजना पछि धकेलिनु हो, नलसिंहगाड सरोकार समितिका सदस्य वेदराज सिंहले भने । नलगाडलाई राष्ट्रिय गौरवको आयोजनामा राख्ने, कम्पनी मोडालिटीमा नलैजाने र सरकारी लगानीबाटै निर्माण गर्ने निर्णय नभए जाजरकोटवासी चरणबद्ध आन्दोलन उत्रने सिंहले बताए । जलमाफियाले डीपीआरको परामर्शदाता छनोटमै ठूलो विवाद ल्याएको सिंहले बताए ।

सरकारले उच्च प्राथमिकतामा राखेर राष्ट्रिय गौरवको आयोजनाको रूपमा निर्माण तीव्र पार्नुको साटो जलमाफियाको जालमा परेर नलसिंहगाड नबनाउने खेल सुरु भएको सदस्य सिंहले बताए ।

अबको १० वर्षमा निर्माण सम्पन्न हुने आयोजना कम्पनी मोडेलमा जाँदा निर्माण अनिश्चत बन्ने नलसिंहगाड जलविद्युत् आयोजना विकास समितिका कार्यकारी निर्देशक मोतीबहादुर कुँवरले बताए । आर्थिक वर्ष २०७३÷७४ को बजेटअनुसार नलसिंहगाड निर्माणमा सरकारले ५१ प्रतिशत र निजी स्तरबाट ४९ प्रतिशत बेहोर्नुपर्ने छ । ४९ प्रतिशत स्थानीय बासिन्दाको लगानी गर्न सक्ने सामथ्र्य हुँदैन । निजी क्षेत्रको लगानीको निहुँमा माफियाको हालीमुवाली हुने देखिन्छ, उनले भने ।

यो आयोजना पनि पश्चिम सेती बन्न बेर छैन, कार्यकारी निर्देशक कुँवरले भने । लागत तथा निर्माणको दृष्टिले सबैभन्दा सस्तो नलसिंहगाड पनि जलमाफियाकै चंगुलमा पर्न लागेको उनले खुलासा गरे । ‘जलमाफियाको चलखेल र राजनीतिक हस्तक्षेपबाट टाढा राखेर सरकारले नै यस आयोजनालाई निर्माणमा लैजानुपर्ने उनले बताए । यो मोडेलद्वारा एक व्यापारीले अर्कोलाई बेच्दै कमिसन खाने मात्र हुन्छ,’ उनले भने ।

अभियान, २०७३/३/३१

# चिलिमे हाइड्रो पावर कम्पनी लिमिटेड : कम्पनी विश्लेषण (शुक्रवार, ३१ असार २०७३)


ओभरबट जोन

वर्गीकरण : जलविद्युत् कम्पनी
पछिल्लो व्यापार मूल्य : रु.१४४०
५२ हप्ताको उच्च व्यापार मूल्य : रु. १८१५
५२ हप्ताको न्यून व्यापार मूल्य : रु. ११५०
१८० दिनको औसत व्यापार मूल्य : रु. १३६९.७७

व्यवस्थापन समूह :
अध्यक्ष : मुकेशराज काफ्ले
प्रमुख कार्यकारी अधिकृत : रामगोपाल शिवाकोटी

## चिलिमे हाइड्रो पावर कम्पनी लिमिटेड

कम्पनीको २०७२/७३ आवको तेस्रो त्रैमासमा खुद नाफा साढे २ प्रतिशत बढेको छ । हालको शेयरमूल्य नेटवर्थको ६ गुणा छ ।

कम्पनीको महत्वपूर्ण अनुपात

| | |
|---|---|
| प्रतिशेयर आम्दानी | २९.९८ |
| पीई रेशियो | ४३.९० |
| प्रतिशेयर नेटवर्थ | २३६.२७ |
| प्रतिशेयर कुल सम्पत्ति | २४२८५ |
| तरलता अनुपात | १३६७ |

कम्पनीको २०७२/७३ आवको तेस्रो त्रैमासमा खुद नाफा साढे २ प्रतिशत बढेको छ । हालको शेयरमूल्य नेटवर्थको ६ गुणा छ ।

**प्राविधिक विश्लेषण**

**आरएसआई :** न्युट्रल जोन (५६ दशमलव ७६ स्केल)मा छ । खरीदविक्री चाप सन्तुलनमा रहेको छ । स्ट्याण्डर्ड डेभिएशन २० बिन्दुमा छ । यसले उतारचढाव न्यून रहेको देखाउँछ ।







**मुभिङ एभरेज :** २१ दिने औसत मूल्यरेखा र सातदिने मूल्यरेखा एकअर्कासँग नजिकिएका छन् । यस अवस्थामा २१ दिने रेखाले सातदिने रेखालाई तलबाट कोटर माथि गएमा शेयरमूल्य बढ्छ भने सातदिने रेखाले २१ दिने रेखालाई माथिबाट काटेर तल झरेमा शेयरमूल्य घट्छ । हालको मूल्य सातदिने रेखा, २१ दिने रेखाभन्दा माथि छ भने र ट्रेण्ड लाइनभन्दा तल रहेको छ । हालको बिन्दुबाट मूल्य सस्तिएमा रू. १ हजार ३ सय ९७ मा टेवा र मूल्य महँगिएमा रू. १ हजार ४ सय ७४ मा प्रतिरोध पाउन सक्छ ।

## महत्त्वपूर्ण वित्तीय परिसूचकहरू (रू. हजारमा)

| परिसूचक | २०७२/ ७३ को तेस्रो त्रैमास | २०७१/ ७२ को तेस्रो त्रैमास | फरक प्रतिशत |
|---|---|---|---|
| चुक्तापूँजी | ३१३४ | २७२५ | १५.००९१७ |
| जगेडा कोष | ४२७१ | ४३५५ | -१.९२८८२ |
| खुद नाफा | ७०४६७८ | ६८६५३८ | २.६४२२४३ |
| खद चालू सम्पत्ति | १६३० | १९४० | -१५.९७९४ |
| खुद चालू दायित्व | ११९ | १५३ | -२२.२२२२ |
| प्रशासन खर्च | -२४१६७ | -५९८६० | -५९.६२७५ |

**आधारभूत विश्लेषण**

कम्पनीको आव २०७१/७२ र आव २०७२/७३ को तेस्रो त्रैमासिक वित्तीय विवरणबीच तुलना :

- कम्पनीको २०७२/७३ आवको तेस्रो त्रैमासमा खुद नाफा २ दशमलव ६४ प्रतिशत बढेर रू. ७० करोड ४६ लाख पुगेको छ । विद्युत् विक्रीबाट भएको आम्दानी ६ गुणा बढ्नाले खुद नाफा बढेको हो ।
- जगेडा कोष २ प्रतिशत घटेर रू. ६ करोड ७१ लाखमा सीमित भएको छ ।
- कम्पनीको ऋण २६ प्रतिशत घटेर रू. ४२ लाख ७१ हजार पुगेको छ ।
- खुद चालू सम्पत्ति १५ प्रतिशत र चालू दायित्व २२ प्रतिशत घटेको छ ।
- लगानी २१ प्रतिशत बढेर रू. ४४ लाख ३८ हजार पुगेको छ ।
-प्रसाशनिक खर्च ५९ दशमलव ६२ प्रतिशत घटेर रू. २ करोड ४१ लाखमा सीमित भएको छ ।
- सञ्चालन नाफा २ दशमलव ५१ प्रतिशत बढेर रू. ७८ करोड ३२ लाख पुगेको छ ।
- कम्पनीको तेस्रो त्रैमासिक विवरणमा उल्लेख भएअनुसार पीई रेशियो ४४ गुणा, तरलता अनुपात साढे १३ गुणा र प्रतिशेयर आम्दानी रू. ३० छ । हालको शेयरमूल्य नेटवर्थको ६ गुणा छ ।